
# समकालीन विश्व परिस्थिति र मार्क्सवादको सान्दर्भिकता



मदन भण्डारी

# समकालीन विश्व परिस्थिति
# र
# मार्क्सवादको सान्दर्भिकता

**मदन भण्डारी**
महासचिव, नेकपा (एमाले)

दस्तावेजको नाम :
**समकालीन विश्व परिस्थिति र मार्क्सवादको सान्दर्भिकता**

प्रकाशक :
**मदन भण्डारी फाउण्डेशन**
www.mbf.org.np

सर्वाधिकार :
**मदन भण्डारी फाउण्डेशन**

प्रकाशित संख्या : **२००० प्रति**

प्रकाशित मिति : **२०७७ चैत**

मूल्य :

आवरण/लेआउट :
**एमएस माउस प्रा.लि.**
अद्वैत मार्ग, बागबजार, काठमाडौँ

मुद्रण :
**एरोल प्रा.लि.**
गैरीधारा, काठमाडौँ

आइएसबिएन : **९७८-९९३७-०-८९८७-६**



जननेता मदन भण्डारीले
कार्ल मार्क्सको १७५औं जन्मजयन्तीको सन्दर्भमा
भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) द्वारा भारतको कोलकातामा
२०५० वैशाख २३–२५ (मई ५–७, १९९३) मा आयोजित
कम्युनिष्टहरूको अन्तर्राष्ट्रिय सेमिनारमा प्रस्तुत
कार्यपत्र र सेमिनारको छलफलमा प्रस्तुत विचार र
टिका ढकालको विश्लेषण ।


# विषयसूची


- *विश्लेषण*
  कलकत्ताको कार्यपत्रमा मार्क्सवादको सिर्जनात्मक व्याख्या ७

- *कार्यपत्र*
  समकालीन विश्व परिस्थिति र मार्क्सवादको सान्दर्भिकता ३७

- *छलफलमा प्रस्तुत विचार*
  भिन्नताप्रति सष्णिुता र विविधताभित्र एकता ५१





विश्लेषण

# कलकत्ताको कार्यपत्रमा मार्क्सवादको सिर्जनात्मक व्याख्या

जननेता मदन भण्डारीले सन् १९९३ मा भारतको कलकत्तामा आयोजित विश्वका कम्युनिष्ट पार्टीहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा *'समकालीन विश्व परिस्थिति र मार्क्सवादको सान्दर्भिकता'* शीर्षकको यो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो[1]। नेपाली समाज तथा कम्युनिष्ट आन्दोलनलाई खुलापनसँगै लोकतान्त्रिकरणको प्रक्रियामा लैजान ठोस योगदान गर्ने राजनीतिक नेता र त्यस प्रक्रियालाई सैद्धान्तिकरण गर्ने सिद्धान्तकारका रुपमा 'जनताको बहुदलीय जनवाद' (जबज)का सर्जक मदन भण्डारीको व्यक्तित्व त्यस बखतसम्ममा नेपालभित्र परिचित भैसकेको थियो। कलकत्ता सम्मेलनले जबजमार्फत मार्क्सवादी विचारलाई नेपालको नवीन सन्दर्भसहित व्याख्या गरी अन्तर्राष्ट्रिय जगतसामु पेश गर्ने अवसर उपलब्ध गरायो। मदनको विचारक व्यक्तित्वलाई देशभन्दा बाहिरको फराकिलो मैदानमा स्थापित गर्न यस सम्मेलनको ऐतिहासिक महत्व देखिन्छ।

---

१ भाकपा-मार्क्सवादीको अग्रसरतामा यो सम्मेलन सन् १९९३ मे ५ देखि ७ (विक्रम सम्बत् २०५० वैशाख २३-२५) सम्म भारतीय राज्य पश्चिम बंगालको राजधानी कलकत्तामा आयोजना भएको थियो र सन् १९८९-१९९१ मा सोभियत संघको विघटनसँगै पूर्वी युरोपका समाजवादी भनिएका राष्ट्रहरूबाट कम्युनिष्ट शासनप्रणाली विस्थापित भएपछि त्यसका कारणहरू पर्गेल्न, कम्युनिष्ट आन्दोलनको नयाँ वैचारिक प्रस्थानविन्दु खोज्ने क्रमलाई सघाउन र विश्वका विभिन्न देशमा जारी कम्युनिष्ट आन्दोलनको आत्मविश्वास बढाउन यो सम्मेलन आयोजना गरिएको थियो। सम्मेलनको मुख्य विषय 'समकालीन विश्व परिस्थिति र मार्क्सवादको वैधता' (कन्टेम्पोररी वर्ल्ड सिचुएसन एण्ड भ्यालिडिटी अफ मार्क्सिजम) रहेको थियो।

साम्यवादी विचारका प्रणेता दार्शनिक कार्ल मार्क्सको १७५ औँ जन्मदिवसका अवसरमा विश्वका प्रमुख कम्युनिष्ट पार्टीहरूको अन्तर्राष्ट्रिय सम्मलेन आयोजना गर्ने उद्धेश्यले भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादी (भाकपा-मार्क्सवादी)ले विश्वका तीस देशका भाइचारा पार्टीहरूलाई निमन्त्रणा पठाएको थियो[२]। *'समकालीन विश्व परिस्थिति र मार्क्सवादको वैधता'* मूल विषय राखिएको दुई दिने सम्मेलनमा अतिथिहरूलाई यहि विषयवस्तुमा केन्द्रित भएर लेखिएका कार्यपत्रसहित सहभागी हुन अनुरोध गरिएको थियो। सम्मेलनमा तेईस देशका चौबीसवटा पार्टीहरूले कार्यपत्र प्रस्तुत गरेका थिए, जसमध्ये एक्काईस पार्टीहरूको प्रत्यक्ष सहभागिता रहेको थियो।

नेपाल[३], अस्ट्रेलिया, बंगलादेश, बेल्जियम, ब्राजिल, क्यानाडा, क्युबा, फ्रान्स, जर्मनी, ग्रीस, भारत (भाकपा र भाकपा-मार्क्सवादी), इरान, उत्तर कोरिया, मेक्सिको, फिलिपिन्स, पोर्चुगल, दक्षिण अफ्रिका, भियतनाम, सिरिया र अमेरिकाबाट त्यहाँका समाजवादी, श्रमिक र कम्युनिष्ट पार्टीहरूले प्रत्यक्ष सहभागितासहित आफ्ना लिखित संश्लेषण पेश गरेका थिए। इरान, सिरिया र अमेरिकी कम्युनिष्ट पार्टीको भौतिक सहभागिता नभएपनि कार्यपत्रहरू पठाइएका थिए। चीन, साइप्रस, इटाली, मोरिसश, रुस, स्पेन र कोलम्बियाका कम्युनिष्ट पार्टीहरूले लिखित शुभकामना सन्देश पठाएका थिए। सम्मेलनमा यसप्रकार विश्व कम्युनिष्ट आन्दोलनको प्रतिनिधिमूलक सहभागिता थियो। सोभियत संघको विघटन र पूर्वी युरोपमा कम्युनिष्ट व्यवस्थाको पतनपछि आयोजना भएको पहिलो बृहत अन्तर्राष्ट्रिय कम्युनिष्ट भेलाका रुपमा पनि कलकत्ता सम्मेलनलाई

---

२ यस भूमिकामा सम्मेलन र सेमिनार शब्दलाई समानार्थीका रुपमा प्रयोग गरिएको छ। सम्मेलनको प्रमुख कार्यक्रम बन्दसत्रको सेमिनार थियो जहाँ २४ वटा कार्यपत्र प्रस्तुत भए र सात कम्युनिष्ट पार्टीहरूको एउटा समूह बनाएर तीन समुहमा मुख्य प्रश्नमाथि छलफल भए। कम्युनिष्टहरू अब कसरी अगाडि बढ्लान भन्ने जिज्ञासा सर्वत्र भएकाले सम्मेलनलाई विश्वभरिबाट चासोपूर्वक हेरिएको थियो।

३ पाँच सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नेकपा एमालेका महासचिवका हैसियतले मदन भण्डारीले गर्नुभएको थियो।

लिन सकिन्छ, जसले समाजवादमा विश्वास राख्ने पार्टीहरूका बीचमा समझदारी विकास गर्न नयाँ पहलमदमी लियो।

भारतमा भएको यो सम्मेलन तत्कालीन विश्व कम्युनिष्ट आन्दोलनका लागि किन अर्थपूर्ण थियो भन्ने बुझ्न यो सम्मेलन आयोजनाको समय-सन्दर्भ, सहभागी राष्ट्रहरूको संख्या र माथि उल्लिखित प्रतिनिधित्वलाई हेर्नु आवश्यक हुन्छ। त्यसैगरी विश्व कम्युनिष्ट आन्दोलनले उक्त सम्मेलन तथा त्यहाँ प्रस्तुत चौबीसवटा कार्यपत्रको सापेक्षतामा जननेता भण्डारीको विचारलाई कसरी ग्रहण गरेको थियो भन्ने संक्षिप्त चर्चा गर्नु आवश्यक छ, जसले जबजको पक्षमा उभिने वा उभिन चाहने पंक्तिका लागि विचारमा थप स्पष्ट हुन सहयोग गर्छ।

नेपाल कम्युनिष्ट पार्टी-एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा एमाले)को पाँचौं महाधिवेशनबाट मदन भण्डारी पुनः महासचिव निर्वाचित[४] भएपछि कम्युनिष्ट आन्दोलनले नेपालको लोकतान्त्रिक पुनर्जागरणमा गरेको योगदानसहित नेकपा एमालेले अवलम्बन गरेको राजनीतिक-वैचारिक कार्यक्रम 'जनताको बहुदलीय जनवाद (जबज)'लाई अन्तर्राष्ट्रिय मञ्चमा परिक्षण गर्ने पहिलो कदमका रुपमा कार्यपत्र उभिएको छ। विश्व कम्युनिष्ट आन्दोलनमा देखिएका वैचारिक-राजनीतिक समस्याको निर्मम समीक्षा गर्दै नेपाली कम्युनिष्ट आन्दोलनलाई नेपालकै वैशिष्ट्यमा आधारित भएर अघि बढाउन लोकतान्त्रिक राजनीतिसँग जोड्नुपर्ने बैचारिक प्रस्थापना मदनले नेकपा (माले)कै समयदेखि अघि सार्दै आउनुभएको हो[५]। कलकत्ता

---

४ तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को चौथो महाधिवेशन २०४६ भदौ ९ देखि १४ (२५(३० अगस्ट १९८९) सम्म चल्यो, जसले जननेता भण्डारीलाई पार्टीको महासचिव निर्वाचित गरेको थियो। महासचिवका रुपमा यो उहाँको पहिलो कार्यकाल थियो।

५ हेर्नुहोस नेकपा एमालेको पाँचौं महाधिवेसनमा मदनले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदन- *जडसूत्रवाद र विसर्जनवादको विरोध गरौँ, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौँ।*

सम्मेलनमा उठाइएका प्रश्नको जवाफ खोज्ने क्रममा नेपाली अनुभव र विश्व कम्युनिष्ट आन्दोलनको मूर्त संश्लेषण पनि कार्यपत्रले गरेको छ।

कलकत्ता सम्मेलनले कम्युनिष्ट आन्दोलनलाई नयाँ शिराबाट अघि बढाउन अत्यावश्यक गम्भीर प्रश्नको हल खोज्न जरुरी भएकाले विश्वका कम्युनिष्ट पार्टीहरू समक्ष चारवटा आधारभूत प्रश्न राख्दै तिनको जवाफ आफ्ना देशको सन्दर्भमा उनीहरूले के ठान्छन् भन्ने विश्लेषण गर्न आग्रह गरेको थियो। ती प्रश्नहरू निम्न अनुसार थिए[६]:

क) विश्व पूँजीवादले प्रस्तुत गरेको समाजवादी विचार अन्त्य भएको दावीलाई समाजवादपक्षीय दृष्टिकोणबाट कसरी मुल्यांकन गर्ने?
ख) सोभियत संघसहित समाजवादी व्यवस्था लागू भएका मुलुकमा के कस्ता कमजोरी भए जसले गर्दा उनीहरू नागरिक कोपभाजनको शिकार हुन पुगे?
ग) समाजवादको हालसम्मको उपलब्धि के हो?
घ) समाजवादी आन्दोलन अगाडि बढाउन कम्युनिष्ट पार्टीहरूले कस्तो बाटो लिनुपर्छ?

कार्यपत्रका विषवस्तुमा छिर्नुअघि यी प्रश्नको विशाल र तात्कालीक पृष्ठभूमि नियाल्न जरुरी छ। सन् १९९० को वर्ष विश्व कम्युनिष्ट आन्दोलनका लागि चुनौतीपूर्ण पानीढलो बनेर उपस्थित भयो। पहिलो विश्वयुद्धपछि सोभियत संघमा र दोस्रो विश्वयुद्धपछि सम्पूर्ण पूर्वी युरोप सहित विश्वका धेरै मुलुकमा स्थापित कम्युनिष्ट-समाजवादी सरकारहरू यसै वर्षको वरिपरी एकपछि अर्को गर्दै विस्थापित भएपछि विश्व पूँजीवादले आफूलाई एक्लो विजेता घोषित गऱ्यो। उदारवाद र समाजवादबीच इतिहासको काल विभाजनका लागि यसै वर्षलाई मानक

---

६ सम्मेलनबारे विस्तृतमा- हरकिसन सिंह सुरजित (सं. १९९३). *कन्टेम्पोररी वर्ल्ड सिचुएसन एण्ड भ्यालिडिटी अफ मार्क्सिज्मः प्रोसिडिङ्स अफ इन्टरनेसनल सेमिनार अफ कम्युनिस्ट पार्टिज मार्किङ द हन्ड्रेड सेभेन्टी फिफ्थ बर्थ एनिभर्सरी अफ कार्ल मार्क्स।* कलकत्ताः भाकपा मार्क्सवादी।

बनाएर उदारवादी लोकतन्त्रका ठाउँमा नवउदारवाद र बहुराष्ट्रिय दलाल पूँजीवादलाई पक्षपोषण गर्न अमेरिकालाई पूँजीवादी विश्वको एकमात्र र अन्तिम नेता मानियो। समाजवादी राष्ट्रहरूको दानवीकरण अझ तीव्र बनाइयो, जुन अहिलेसम्म जारी छ।

## विश्व कम्युनिष्ट आन्दोलनको निर्मम समीक्षा

वामपन्थ र समाजवादका लागि प्रतिकूल बन्दै गएको विश्व परिवेशको सापेक्षतामा कम्युनिष्ट आन्दोलनलाई अगाडि लैजान राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको कठोर समीक्षा अत्यावश्यक थियो। वामपन्थी पार्टीहरूले यस्तो समीक्षा सधैं गर्छन्। यद्यपि मनोगत आग्रह बिसाएर वस्तुगत विश्लेषणद्वारा निष्कर्षमा पुग्ने कार्य बिरलै सम्भव भएको छ। मदनको नेतृत्वमा नेपालमा यस्तो समीक्षाको संस्थागत शुरुवात नेकपा–मालेको चौथो महाधिवेशन अघिदेखि नै शुरु भैसकेको थियो[७]। देशभित्र बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएकै समय वरिपरी सोभियत संघ र पूर्वी युरोपमा आएको परिवर्तनले अन्तर्राष्ट्रिय परिस्थितिको समीक्षा नयाँ शिराबाट हुनुपर्ने आवश्यकता उत्पन्न भएको थियो करिब एक सय चालीस वर्षदेखि पूँजीवादी शासन प्रणालीसँग कठोर प्रतिस्पर्धामा रहेका, समाजवादी विचार बोकेको दावी गर्ने सरकारहरूलाई जनताको

---

७ हेर्नुहोस *'वर्तमान परिस्थिति र पार्टीको दायित्व'* शीर्षकमा २०४७ कार्तिक ७ देखि २४ सम्म भएको नेकपा मालेको पाँचौं पूर्ण बैठकमा महासचिव मदन भण्डारीद्वारा प्रस्तुत दस्तावेज अन्तर्गत 'तत्कालीन अन्तर्राष्ट्रिय स्थिति' को समीक्षा, मदन–आश्रित स्मृति प्रतिष्ठानद्वारा प्रकाशित *'मदन भण्डारीका संकलित रचनाहरू'*, भाग १ (पृ. ४३–४९)। नेकपा एमालेको पाँचौं महाधिवेसन (२०४९ माघ १४–२०) मा प्रस्तुत *'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौं'* दस्तावेजले अन्तर्राष्ट्रिय परिस्थितिको थप विश्लेषण गरेको छ। थप अध्ययनका लागि- *'मदन भण्डारीका संकलित रचनाहरू'*, भाग १ (पृ. २१ –३०४)।

आन्दोलनले हटाएपछि त्यसलाई अमेरिकी नवउदारवादका व्याख्याता फ्रान्सिस फुकुयामाले इतिहासको अन्त्य नाम दिएका थिए[८]।

राजनीतिक विचारधाराको युग समाप्त भएर उत्तरवैचारिक समय शुरु भएको, परम्परागत उदार लोकतन्त्रका स्थानमा आर्थिक उदारीकरणको जगबाट विकसित नवउदारवाद प्रारम्भ भएको तथा नागरिक हितका लागि राज्यको भूमिका अझै साँघुरिनुपर्ने युरो-अमेरिकी 'कन्जरभेटिभवाद'[९]को

---

८ जापानी मूलका अमेरिकी राजनीतिशास्त्री फ्रान्सिस फुकुयामाले सन् १९९२ मा लेखेको पुस्तक *'दि इन्ड अफ हिस्ट्री एण्ड द लास्ट म्यान'*ले विश्व पूँजीवादको समाजवादमाथि विजय घोषणालाई प्राज्ञिक स्वरूप दिने कोशिस गऱ्यो। समाजवादी मुलुकहरू असफल भएका हुनाले पूँजीवादी उदार लोकतन्त्र नै राजनीतिक प्रणालीको अन्तिम सत्य भएको फुकुयामाको दावीलाई पूँजीवादी विद्वानहरूले नै धज्जी उडाएपनि अमेरिकी सरकारले अवलम्बन गरेको नवउदारवादी अर्थ-राजनीतिक व्यवस्थाको वकालतका लागि फुकुयामाको थेसिसलाई व्यापक प्रयोग गरियो। पुस्तकको विषयवस्तु सन् १९८९ मा 'द नेसनल इन्ट्रेस्ट' मा प्रकाशित उनकै लेखको यो अंश हो -
What we may be witnessing is not just the end of the Cold War, or the passing of a particular period of postwar history, but the end of history as such: that is, the end point of mankind's ideological evolution and the universalization of Western liberal democracy as the final form of human government. km's'ofdfsf] k"/f n]v oxfF 5– https://www.embl.de/aboutus/science_society/discussion/discussion_2006/ref1-22june06.pdf

९ कन्जरभेटिभहरूको राजनीतिक विचारलाई तीनवटा मुख्य तत्वले निर्देशित गर्दछ - बहुराष्ट्रिय कम्पनी तथा ठूला धनाढ्यलाई लगाइने करमा कटौती गर्नु, सरकारको सामाजिक उत्तरदायित्व घटाएर सार्वजनिक खर्च कटौती गर्नु, राष्ट्रिय आर्थिक गतिविधिमा निजी क्षेत्रलाई कमसेकम नियमन गर्नु र राष्ट्रिय आर्थिक गतिविधिमा निजी क्षेत्रलाई कमसेकम नियमन गर्नु। उनीहरूको विश्वासमा कर कटौतीबाट बचेको पूँजी लगानी भई त्यसले रोजागरी सिर्जना गर्छ, सरकारी खर्च घटाएर बजेट घाटा कम हुन्छ। तसर्थ निजी क्षेत्रलाई पूँजी निर्माणमा प्रोत्साहित गर्न सकेसम्म नियमन गर्नु हुँदैन। यसको सबैभन्दा ठूलो उदाहरण संयुक्त राज्य अमेरिका हो। युरोपेली कन्जरभेटिभहरूमध्ये बेलायतकी पूर्व प्रधानमन्त्री मार्गरेट थ्याचर बाहेकले कर र सरकारको दायित्व घटाउन सफलता प्राप्त गरेको देखिंदैन। सामाजिक रुपमा सबै कन्जरभेटिभहरू क्रिस्चियन धर्मका आदर्श मान्यता पालन गर्नुपर्ने विश्वास राख्छन्।

वर्चस्व कायम भएको रुपमा 'इतिहासको अन्त्य' भएको संकथन प्रक्षेपण भयो। समाजवादी विचारका उत्तराधिकारीहरूले यसलाई अस्वीकार गर्नु स्वाभाविकै थियो, पूँजीवादी विद्वानहरूले समेत यस्तो आत्मश्लाघाको धज्जी उडाइरहेका थिए[१०]। सुरुवाती आलोचकहरूमध्ये विनिर्माणवादका सर्जक दार्शनिक ज्याक डेरिडाले फुकुयामको दावीलाई दार्शनिक र व्याख्यात्मक दुवै आधार नभएको तथा इतिहासका परिघटना बुझ्ने सामर्थ्यको अभावमा लेखिएको 'थेसिस'को संज्ञा दिए[११]।

बहुलतापूर्ण विश्वको वैचारिक मानचित्रमा एक्लो ध्रुवको निर्क्योल गरिनु गलत भएको व्याख्या गर्दै नवउदारवादको स्वरूपमा दौडिइरहेको अनियन्त्रित पूँजीवादले प्रकृति र मानव स्रोतको दोहनबाट मानव सभ्यतालाई नै समाप्त पार्ने जोखिम पैदा गरेको नयाँ प्रस्थापना नोम चोम्स्कीले अघि सारे[१२]। त्यसभन्दा अझ एक कदम अघि बढेर सन् २००१ मा अर्थशास्त्रका लागि नोबेल पुरस्कार बिजेता जोसेफ स्टिग्लिजले *'प्रगतिशील पूँजीवाद'* तर्फ जानुपर्ने प्रस्ताव गरे, जसमा उनले उदार लोकतन्त्रभित्र समाजवादले परिकल्पना गरेका मानवीय पक्षलाई एकीकृत गर्दै नयाँ सौम्य पूँजीवादको

---

१० फ्रान्सिस फुकुयामाका गुरु स्यामुएल हन्टिंगटनले *'द क्ल्यास अफ सिभिलाइजेसन एण्ड रिमेकिंग अफ वर्ल्ड अर्डर'* (सभ्यताको द्वन्द्व र विश्वव्यवस्थाको पुनर्निर्माण) पुस्तक लेखेर इतिहासको अन्त्य घोषणा गर्न नसकिने प्रस्ट पारे। उनको व्याख्या थियो - विचारधाराको प्रतिस्पर्धा एक छेउमा चलिरहँदा राज्यहरूबीचको नयाँ प्रतिस्पर्धा अब धार्मिक सभ्यताका आधारमा हुन्छ।

११ ज्याक डेरिडा (१९९४). *स्पेक्टर्स अफ मार्क्सः द स्टेट अफ डेट, द वर्क अफ मोर्निङ एण्ड द न्यु इन्टरनेसनल.* अनु. पेगी कामुफ। लन्डनः रुटलेज (पृ. ६३)। 'In the name of a thoroughly historical account of the actual "end of history," Fukuyama has relied on "a regulating and trans-historical ideal" to organize his historical narrative. This "trans-historic and natural ideal" can only "discredit" and "suspend" the very authority of the "so-called empirical event."'

१२ चोम्स्कीले सन् १९९९ मा प्रकाशित उनको प्रसिद्ध पुस्तक *'प्रोफिट ओभर पिपुलः नियो लिबरलिज्म एण्ड ग्लोबल अर्डर'* बाट नव-उदारवादविरोधी तिख्खर व्याख्या प्रस्तुत गरे। उनका थप रचनाहरू यहाँ हेर्न सकिन्छ– www.chomsky.info

निर्माण गर्नुपर्ने विचार राखे[13]। फ्रान्सका मार्क्सवादी अर्थशास्त्री टमस पिकेटीले पूँजीवादबाट पैदा भएको अर्थ–सामाजिक असमानताको पहिचान गर्दै वर्ग सम्बन्धी नयाँ अवधारणासहित वितरण सिद्धान्तको पुनर्व्याख्या गरे, जसले राज्यको भूमिका घटाउने वैचारिक आधार अपर्याप्त भएको सावित गऱ्यो[14]। यसरी, सन् १९९० मा इतिहासको अन्त्य भएको पूँजीवादी दावीलाई त्यसयता एकपछि अर्को प्राज्ञिक अध्ययनले निम्छरो प्रमाणित गरिएदिएका छन्। त्यसको पुनर्पुष्टि गर्ने प्रयासहरू नवउदारवादको विद्रूप स्वरूप प्रकट भएसँगै निस्तेज भए[15]।

पश्चिमी विश्वविद्यालयहरूबाट नयाँ चिन्तनका रुपमा प्रसार गर्न खोजिएको इतिहासको अन्त्य यसरी त्यहिंको वैचारिक अस्वीकृतिका कारण पछारियो। तर, त्यसयताका अमेरिकी सरकारलेचाहिँ नवउदारवादलाई प्रश्रय दिंदै त्यस मान्यताको संरक्षण गर्दै आए।

जुन समयमा कलकत्ता सम्मेलन आयोजना भयो र जतिबेला मदनले यो कार्यपत्र लेख्नुभएको थियो, त्यसबेला 'इतिहासको अन्त्य'माथि प्राज्ञिक

१३ जोसेफ स्टिग्लिज (२०१९). *पिपुल, पावर एण्ड प्रोफिट्सः प्रोग्रेसिभ क्यापिटलिज्म फर एन एज अफ डिस्कन्टेन्ट* (नागरिक, शक्ति र नाफाः असन्तोषको युगका लागि प्रगतिशील पूँजीवाद). लण्डनः पेनगुईन ऱ्यान्डमहाउस।

१४ एरिक ओलिन राइट (२०१८). *क्लास एण्ड इनइक्वालिटी इन पिकेटी.* लरेन लंगम्यान र डेभिड स्मिथद्वारा सम्पादित, ट्वेन्टी फर्स्ट सेन्चुरी इनइक्वालिटी एण्ड क्यपिटलिज्मः पिकेटी, मार्क्स एण्ड बियन्ड (बीसौं शताव्दीमा असमानता र पूँजीवादः पिकेटी, मार्क्सस र पर) शिकागो, इलिनोयः हेमार्केट बुक्स, पृष्ठ १–३८।

१५ फुकुयामाको थेसिसको पच्चीस वर्षपछि अमेरिकाको दि एटलान्टिक म्यागाजिनले प्रकाशन गरेको 'इट इज स्टिल नट दि इन्ड अफ हिस्ट्री' (इतिहासको अन्त्य भएको छैन) शीर्षक लेखमा इतिहासको अन्त्यविरोधी वैचारिक धाराको विवेचना छ। यसरी इतिहासको अन्त्य भएको दावी पूँजीवादी प्राज्ञिक धारका लागि नै कालान्तरमा अतिशयोक्ति र उन्मादको घोषणा सावित भयो। https://www.theatlantic.com/politics/archive/2014/09/its-still-not-the-end-of-history-francis-fukuyama/379394/

बहस भर्खर शुरु मात्र हुँदै थियो। त्यसउपर उहाँको कार्यपत्रले अघि सारेको विश्लेषण दूरदर्शी र तथ्यमा आधारित देखिन्छ। बौद्धिक बहसभन्दा अझ एक कदम अघि बढेर समाजवादी विचारलाई आफ्ना मुलुकमा लागू गर्ने दायित्व बोकेका राजनीतिक पार्टीहरू मार्फत 'इतिहासको अन्त्य'लाई सामुहिक राजनीतिक जवाफ दिने प्रयत्न कलकत्ता सम्मेलनले गरेको थियो। सम्मेलनले समाजवादी विचारको सान्दर्भिकता नसकिएको बरु अझै बढेको र यसलाई रणनीतिक दृष्टिकोणसहित अगाडि बढाउनु पर्नेमा बृहत सहमति कायम गऱ्यो[ज्ञट]।

त्यहाँ प्रस्तुत धेरै देशका कार्यपत्रमा मुखरित भएको जस्तै मदनले आफ्नो कार्यपत्रमा भन्नुभएको छः

> *सोभियत संघ र पूर्वी युरोपमा समाजवादी व्यवस्थाको पतनपश्चात् पश्चिमा पूँजीवादी राष्ट्रहरूले मार्क्सवादको सान्दर्भिकताको बिरुद्धमा ज्यादै ठूलो राजनीतिक अफवाह फैलाए पनि द्वन्द्वात्मक भौतिकवाद र इतिहासको वैज्ञानिक व्याख्यामा आधारित मार्क्सवादी दर्शन मर्न सक्दैन। पूर्व सोभियत संघ र पूर्वी युरोपमा स्वतन्त्र गणराज्यहरूको स्थापना भएयता घटेका घटनाहरूले के देखाएका छन् भने मार्क्सवादमा अस्थायी धक्का लाग्दैमा पूँजीवादीहरूले आशा गरेजस्तो पूँजीवादी व्यवस्था समाजवादको विकल्प हुन सक्दैन।*

---

१६ सम्मलेनको पूरा रिपोर्ट *'मार्क्सिस्ट फोरमः इन्टरनेसनल सेमिनार अफ कम्युनिस्ट पार्टिज मार्किंग द हन्ड्रेड सेभेन्टी फिफ्थ एनिभर्सरी अफ द बर्थ अफ कार्ल मार्क्स, कलकत्ता, ५–७ मे १९९३'* शीर्षकमा युनिभर्सिटी अफ मिनेसोटाको *'नेचर, सोसाइटी एण्ड थट'* जर्नलको वर्ष १९९३, अंक ६, संख्या १ को पृष्ठ ५७ देखि ७९ मा प्रकाशित छ। अमेरिकाको मिनेसोटामा मार्क्सिस्ट कलेक्टिभ्सका सदस्य रहेका लेनोर बर्गार्ड, जेराल्ड एरिक्सन, अप्रिल नुस्टन, ह्यारी म्याकएलिस्टर, एडविन मार्क्विट, ज्यानेट क्वाइफ र ह्यारोल्ड स्वार्जको समुहले सम्मेलनमा पेस भएका सबै कार्यपत्रहरूको विश्लेषण गरी उक्त रिपोर्ट तयार गरेको थियो।

समाजवादी प्रणालीहरू आफैं कति 'समाजवादी' थिए भन्ने अलग्गै विवेचनाको पाटो हो। सम्मेलनमा जननेता भण्डारीसहित विश्वका अन्य नेताहरूले प्रस्तुत गरेका कार्यपत्रमा ती मुलुकले गर्ने गरेको समाजवादको दावीउपर पनि उरत्तकै निर्मम समीक्षा गरिएको छ। मार्क्सवादलाई अपरिवर्तनीय शास्त्र अर्थात् 'जडसूत्र' होइन, ठोस परिस्थितिको ठोस विश्लेषण गर्न सहयोगी विज्ञान मानेर निरन्तर विकास हुने प्रणालीको रुपमा व्याख्या गरिनुपर्नेमा पनि सम्मेलनको आम सहमति थियो[१७]।

सम्मेलनमा निर्माण भएको यस्तो सहमतिले जननेता भण्डारीको नेतृत्वमा नेकपा एमालेको पाँचौं महाधिवेशनले अनुमोदन गरेको *'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौँ, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौँ'* भन्ने मुख्य वैचारिक दिशाबोध नेपालको सन्दर्भमा ठोस परिस्थितिको ठोस विश्लेषणमा आधारित रहेको राजनीतिक विचार भएको पुनर्पुष्टि भयो। मूल रुपमा वैचारिक प्रतिस्पर्धाको युग समाप्त हुने पूँजीवादी प्रक्षेपण प्राज्ञिक रुपमा कमजोर प्रमाणित त थियो नै, त्यसलाई समाजवादी सपनाका वाहक कम्युनिष्ट पार्टीहरूले कसरी मुल्यांकन गर्ने भन्ने अर्को प्रश्न त्यत्तिकै बलियो गरी उपस्थित थियो। सबै कार्यपत्रहरू सम्मेलनको यहि वैचारिक दृष्टिमा केन्द्रित थिए। त्यसलाई आफ्नो कार्यपत्रमा मदनले यसरी स्पष्ट पार्नुभएको छः

> *'मार्क्सवाद एउटा वैज्ञानिक सिद्धान्त भएको हुनाले यसले सोभियत संघ र पूर्वी युरोपमा समाजवादी व्यवस्थाको पतन हुनुमा के कारणहरू जिम्मेवार छन् भन्ने कुराको समग्र विश्लेषण*

---

१७ सन् १९३७ को अप्रिलमा प्रकाशित *'अन्तरविरोधबारे'* शीर्षक पुस्तिकामा चिनियाँ नेता माओत्से तुङको प्रसिद्ध भनाइ छ ...the most essential thing in Marxism, the living soul of Marxism, is the concrete analysis of concrete condition. (मार्क्सवादको सबैभन्दा अनिवार्य तत्व, मार्क्सवादको जीवित आत्मा भन्नु नै ठोस परिस्थितिको ठोस विश्लेषण हो।) कलकत्ता सम्मेलनमा देखिएका सहमति र बिमतिबारे थप *'नेचर, सोसाइटी एण्ड थट'* जर्नलको वर्ष १९९३, अंक ६, संख्या १ को पूर्ववत्।

*गर्न सक्नुपर्छ। ती देशहरूमा राज्यले आम जनताका व्यापक सामाजिक हकका निम्ति राष्ट्रिय आयको वितरणको कार्यक्रम संचालन गरेको भएपनि त्यहाँ के कारणले व्यापक जन असन्तोष उत्पन्न भयो भन्ने कुराको हामीले ठोस जवाफ दिन सक्नुपर्छ।'*

कार्यपत्रले प्रश्न मात्र उठाएको छैन, तिनको जवाफ पनि उत्तिकै सटिक रुपमा दिएको छः

*'मेरो विचारमा यस्तो राजनीतिक र आर्थिक व्यवस्था, जहाँ विचार अभिव्यक्तिको स्वतन्त्रता, प्रजातान्त्रिक उपयोग, उत्पादक शक्तिहरूको समुचित परिचालन, प्राविधिक विकासको माध्यमबाट उत्पादक शक्तिकालागि अनुकूल वातावरण सिर्जना गरी उत्पादकत्व बृद्धि गर्ने र जनसमर्थनको परीक्षा गर्ने जस्ता कुरालाई आत्मसात गर्ने सवालमा निश्चित कमीकमजोरीहरू रहन गए।'*

सम्मेलनमा आयोजकका हैसियतबाट भारतीय कम्युनिष्ट पार्टी मार्क्सवादीका महासचिव हरकिशनसिंह सुरजितले आफ्नो कार्यपत्रमा जननेता भण्डारीले उठाउनुभएका प्रश्नहरूलाई थप मुखर गर्नुभएको छ[१८]–

१८ महासचिव सुरजितद्वारा प्रस्तुत कार्यपत्रको निम्न अंशको भावानुवाद –
The need to address ourselves to this issue arises not only because of the renewed offensive, both ideological and political, by the enemies of human liberation imperialism and its agents. The need arises more out of the necessity to reassert the invincible validity of this creative science, rectifying the mistakes of the past, reassessing the estimations of the correlation of class forces made at various points of time, in order to overcome the weaknesses and lags in understanding, precisely to strengthen and carry forward the struggle for human emancipation.
सुरजितको कार्यपत्रको पूर्ण अंग्रेजी पाठ 'नेचर, सोसाइटी, थट' जर्नलको पूर्व उल्लिखित अंकमा छापिएको छ।

*'मानव मुक्तिको दुश्मन साम्राज्यवाद र उसका एजेन्टहरूले राजनीतिक र वैचारिक आक्रमण तीव्र बनाएका हुनाले हामीले आफैं एकपल्ट यी प्रश्नको जवाफ खोज्नैपर्छ। त्यसैले मानव मुक्तिको संघर्षलाई अघि बढाउन हामीले यस सिर्जनात्मक विज्ञान (मार्क्सवाद) को अजेयता पुनर्पुष्टि गर्ने, विगतका कमजोरीहरू सच्याउने, वर्ग संघर्षको इतिहासलाई नियाल्ने तथा मार्क्सवादलाई बुझ्ने सन्दर्भका खाडल पहिल्याएर सम्बोधन गर्नुपर्ने आवश्यकता उत्पन्न भएको छ।'*

### संशोधनवादका सन्दर्भमा

सोभियत मोडेलका समाजवादी व्यवस्थामा वैचारिक संशोधनवाद कुन विन्दुबाट शुरु भयो भन्ने बहस विश्व कम्युनिष्ट आन्दोलनमा लामो समयदेखि चलिरहेको छ। कलकत्ता सम्मेलनमा पेश भएका कार्यपत्रहरूले पनि यस बहसलाई समेटेका थिए। कस्तो वैचारिक भडकाउलाई संशोधनवाद नाम दिने भन्ने प्रश्न आफैंमा जटिल र गम्भीर सैद्धान्तिक विषय हो। उसो त फ्रान्सेली समाजवादी पत्रकार युलेस बाजिलले सन् १८७९ मा निजी सम्पत्तिसम्बन्धी मार्क्सको दृष्टिकोण व्याख्या गर्ने प्रयास गर्दै आफूलाई मार्क्सवादी भएको बताएपछि मार्क्सको आफ्नै भनाइ थियो - *के कुरा पक्का छ भने यदि उनीहरू मार्क्सवादी भए म मार्क्सवादी होइन*। मार्क्सका विचारलाई पूर्णरुपमा नबुझ्दै त्यसमा गरिन थालिएका व्याख्याले ल्याउने गलत संशोधनप्रति मार्क्सको व्यंग्यात्मक टिप्पणी थियो। एकाध वर्षपछि पक्का मार्क्सवादी बनेर निस्किएका बाजिलका मार्क्स र एंगेल्ससँग मिलेर लेखिएका युरोपेली समाजवादी कार्यक्रमबारे दस्तावेजहरू प्रकाशमा छन्[१९]। सन् १८९९ मा जर्मन दार्शनिक एडवार्ड बर्नस्टाइनले 'विकासवादी समाजवाद' प्रचलनमा ल्याएपछि संशोधनवादसम्बन्धी बहसले गति लियो। मार्क्सवादका आधारभूत मार्गदर्शनमा उभिएर बर्नस्टाइनले थपेको विषय

१९ युलेस गेस्दे उपनाममा कृतिहरू लेख्ने बाजिल युरोपेली समाजवादी आन्दोलनका प्रमुख हस्तीमध्ये एक हुन्। उनका रचनाहरू यहाँ हेर्न सकिन्छ- https://www.marxists.org/archive/guesde/index.htm

के थियो भने समाजवादमा संक्रमण गर्ने प्रक्रिया क्रमिक विकासका आधारमा हुनसक्छ[२०]।

बर्नस्टाइनका विचारहरू प्रारम्भिक चरणमा मार्क्सवादी जगतबाट पूर्ण तिरस्कृत भए। शास्त्रीय कोणबाट निरन्तर वैचारिक प्रहार भएपनि आफू मार्क्सवादी भएको बर्नस्टाइनको दावी रहिरह्यो। विस्तारै जर्मनीका बर्नस्टाइनवादीहरूले समाजवादको स्थानमा सामाजिक प्रजातन्त्र (सोसल डेमोक्रेसी) भन्न थाले।

नेपालमा नेपाली कांग्रेसले भन्ने गरेको प्रजातान्त्रिक समाजवाद के हो भन्ने प्रष्ट नभएपनि काँग्रेसका संस्थापक नेता बीपी कोइरालाको जर्मनीका सामाजिक प्रजातन्त्रवादी पूर्व चान्सलर विली ब्रान्ट र अन्य युरोपेली समाजवादीसँगको निकटता हेर्दा उहाँ बर्नस्टाइनका उत्तराधिकारीहरूबाट प्रभावित भएको मान्न सकिन्छ। जर्मनीसहित  युरोपका धेरै मुलुकले हाल अपनाएको राजनीतिक प्रणालीमा बेलायती संसदवाद र बर्नस्टाइनको सैद्धान्तिक अवधारणाद्वारा प्रभावित सामाजिक बजार अर्थतन्त्र (सोसल मार्केट इकोनोमी)को मिश्रण छ।

बीसौं शताव्दीको मार्क्सवादी चिन्तनले बर्नस्टाइनको अर्थ-सामाजिक व्याख्यालाई मार्क्सवादको अध्ययन गर्ने सन्दर्भसामग्री मानेको छ भने संवैधानिक वा कानुनी सुधारबाट समाजवाद स्थापना गर्न सकिने व्याख्या तथा द्वन्द्ववादको अवधारणा पूर्ण रुपमा अस्वीकार गर्नुलाई चाहिँ संशोधनवाद मानेको छ। अक्टोबर कान्तिलगत्तै रुसी कम्युनिष्ट पार्टीभित्र लियोन ट्रोटस्कीलाई संशोधनवाद अंगालेको आरोप लगाइयो। पछि गएर उनका विचारहरू समाजवादमा संक्रमण गर्ने कार्यक्रमका रुपमा

२० बर्नस्टाइनको विकासवादी समाजवाद (इभोल्युसनरी सोसलिज्म)सम्बन्धी अवधारणा विस्तृतमा हेर्न- https://www.marxists.org/reference/archive/bernstein/works/1899/evsoc/index.htm

मार्क्सवादसम्मत रहेको मानिएको छ[२१]। चीनले आफू बल्ल सन् २०५० मा समाजवादी राष्ट्र बन्न सक्ने ठानेको छ[२२]। आन्तरिक रुपमा जनतालाई पूर्ण अधिकारसम्पन्न नबनाउँदै आफूलाई समाजवादी घोषणा गर्ने सोभियत संघ र पूर्वी युरोपेली कम्युनिष्ट राष्ट्रहरू पनि संशोधनवादको बाटोमा थिए, जसलाई उनीहरूले स्वीकार्न सकेनन् र पतन भए[२३]।

ऐतिहासिक प्रमाणले यसरी विचारमा हुने सबै प्रकारको पुनर्व्याख्या मूल रुपमा संशोधनवाद हो भन्ने पुष्टि गर्छन्। यद्यपि सबै संशोधनहरू विनाशकारी हुन्छन् भन्ने हुँदैन। मार्क्सवादले आधारभूत रुपमा सर्वहारावर्गको सत्ता स्थापना गर्न 'बलपूर्वक हस्तक्षेप' आवश्यक ठान्छ[२४]। इतिहासतिर फर्केर हेर्दा सर्वहारा वर्गीय क्रान्ति मात्र होइन, फ्रान्सेली क्रान्तिदेखि अमेरिकी

---

२१ बोल्सेभिक क्रान्तिकालमा लेनिनको नजिक रही काम गरेका ट्रोटस्की पहिलो सोभियत पोलिटव्युरोका सात जना मध्ये एक सदस्य थिए। क्रान्तिपछि स्टालिनको उदयसँगै उनलाई संशोधनवादी र गद्दार घोषित गरी क्रूरतापूर्वक राजनीतिबाट पाखा लगाइयो। ख्रुस्चेभकालमा धेरै पुराना नेताहरूको पुनर्स्थापना भएपनि ट्रोट्स्कीको भएन। ट्रोट्स्कीका विचारहरू यहाँ हेर्न सकिन्छ–https://www.marxists.org/archive/trotsky/works/index.htm

२२ रबर्ट लरेन्स कुन (२०१७). न्यु एरा अन द रोड टु द्दण्छण (सन् २०५० को बाटोमा नयाँ युग). बेइजिङः चाइना डेली, अक्टोबर २८। https://www.chinadaily.com.cn/opinion/2017-10/28/content_33807725.htm

२३ भियतनामी नेता दाङ छ्वान कीले कलकत्ता सम्मेलनमा प्रस्तुत गरेको कार्यपत्रबाट निम्न अंश, पूर्ववत् *'नेचर, सोसाइटी एण्ड थट'* जर्नलको वर्ष १९९३, अंक ६, संख्या १ मा प्रकाशित भएअनुसार –
Dogmatism was a starting-point for the deformations and deviations of the model leading to bureaucratism and gradual shift from the communist goals. In the new situation, in the face of bitter confrontation by the anticommunist forces, and under the pressure of a small number of people holding power, bureaucratism in its turn rapidly degenerated to opportunism and betrayal leading to catastrophe for socialism....

२४ अर्नेस्ट फिशर (१९७३). मार्क्स इन हिज ओउन वर्डस (आफ्नै शब्दमा मार्क्स). लण्डनः पेनगुइन (पृ. १३२)।
'We must declare to the governments: we know that you are the armed power which is directed against the proletariat; we shall proceed against you by peaceful means where possible, and by force of arms if necessary..'

स्वाधीनता संग्रामसम्म र बीसौं शताब्दीका सम्राज्यवाद विरोधी अफ्रिकी तथा ल्याटिन अमेरिकी मुक्ति आन्दोलनहरू बलपूर्वक हस्तक्षेपद्वारा मात्र सफल भएका छन्। अर्थात्, बलपूर्वक हस्तक्षेप कम्युनिष्टहरूकालागि मात्र होइन, पूँजीवादी लोकतन्त्र स्थापनाका लागि पनि उत्तिकै आवश्यक पर्छ। मात्रात्मक रुपमा कस्तो वा कति बल भन्ने मात्र फरक हो।

मार्क्सद्वारा स्थापित 'बलपूर्वक हस्तक्षेप'को सिद्धान्त कार्यान्वयन गर्न सोभियत अक्टोबर क्रान्तिका लागि लेनिनको नेतृत्वमा मिलिसिया निर्माण हुँदा नै पर्याप्त भयो, स्थायी सैन्य संरचना जरुरी भएन। त्यसभन्दा एक कदम अगाडि जाँदा चीनमा मार्क्सवादी विचारसहितको सत्ता निर्माण गर्न सेना आवश्यक पर्‍यो, किनभने चिनियाँ राष्ट्रिय मुक्ति आन्दोलन बाह्य शक्तिसँग पनि एकैसाथ लड्नुपर्ने थियो। तसर्थ गुरिल्ला युद्ध चिनियाँ जनक्रान्तिको विशेषता हुन गयो। चीनमा माओत्से तुङले संशोधनवादलाई विचार भुत्ते बनाउने वा आन्दोलन विसर्जन गर्न प्रयोग हुने हत्कण्डाका रुपमा जोडेर व्याख्या गरिदिएपछि 'संशोधनवाद' कम्युनिष्ट शब्द कोशमा थप आलोच्य बनेको हो। नवमार्क्सवादी 'डिस्कोर्स'मा माओको संशोधनवादउपर त्यसरी नै बहस हुन्छ, जसरी इतिहासमा बर्नस्टाइन वा ट्रोट्स्कीका विचार उपर भएको थियो[२५]। वस्तुतः विसर्जनवादतिर लैजाने संशोधन ठीक त्यसैगरी घातक हुन्छ जसरी 'जडसूत्रवाद'ले हरेक विषयलाई शास्त्र ठान्दछ, सिर्जनशीलता निषेध गर्दछ र जतिसुकै असान्दर्भिक भएपनि त्यसलाई असंशोधनीय मान्दछ। दुवैको आखिरी परिणति विसर्जनवाद नै हो। यसैकारण मदनले नेकपा एमालेको पाँचौं महाधिवेशनमा आफ्नो राजनीतिक दस्तावेजको नाम दिनुभएको छ– *जडसूत्रवाद र विसर्जनवादको विरोध गरौँ, मार्क्सवादको सिर्जनात्मक प्रयोग गरौँ।*

---

२५ नव मार्क्सवादका एकजना व्याख्याता ह्यारी पावेलले लेखेको *'माओ संशोधनवादी कि क्रान्तिकारी'* लेख यहाँ हेर्न सकिन्छ –
Mao Tse-Tung: Revisionist or Revolutionary?, https://www.marxists.org/history/erol/uk.ebbingtide/powell-mao.htm

सोभियत मोडेलका समाजवादी व्यवस्थामा देखिएको विसर्जनउन्मुख संशोधनवादको निर्क्यौल ठूलो विवादको विषय हो। कलकत्ता सम्मेलनमा यसबारे फरक विचारहरू प्रकट भए। मदनले ख्रुस्चेव र ब्रेज्नेभकालीन समयमा मूल विचारबाट फरक धार शुरुभएको आफ्नो विश्लेषण राख्नुभयो–

*'ख्रुस्चेभ तथा ब्रेज्नेभ अवधिमा केहि व्यक्तिहरूमा शक्ति केन्द्रीकरण हुनु, अति नोकरशाहीकरण हुनु, जनताबाट पार्टी अलग रहनु, भिन्न मतलाई दबाउनु, कृषि तथा औद्योगिक उत्पादकत्व न्यून स्तरको हुनु र प्राविधिक पछौटेपन आदिले गर्दा सोभियत समाजवादी नमुना समाजका विभिन्न खेमाका जनताबीच अलोकप्रिय हुन पुग्यो।'*

बेलायत र पोर्चुगल, भारतसहितका नौवटा कम्युनिष्ट पार्टीको यसमा समान धारणा देखियो। क्युबा र भियतनाममा सरकार सञ्चालन गरिरहेका कम्युनिष्ट पार्टीहरूले सोभियत संघ र पूर्वी युरोपको अवस्थालाई समाजवादको पतन भन्न अस्वीकार गर्दै त्यसलाई 'समाजवादको एउटा मोडेल, जो आम रुपमा विसर्जनउन्मुख संशोधनतिर लागेको थियो, त्यसको पतनका रुपमा' व्यख्या गर्नुपर्ने विचार राखे[२६]।

भियतनामी कम्युनिष्ट पार्टीका नेता दाङ छ्वान की आफ्नो कार्यपत्रमा भन्नुहुन्छ[२७]–

२६ 'नेचर, सोसाइटी, थट' जर्नल, पूर्ववत्।

२७ 'नेचर, सोसाइटी, थट' जर्नल, पूर्ववत्। कार्यपत्रको अंश–
'The answer lies in the fact that this collapse had its deep roots from the erroneous understanding in theory together with its leftist dogmatism in the determining of policies, forms, measures and steps in the process of socialist construction. The direct reason lies in the *perestroika* strategy of voluntarism and the rightist opportunism which represent an ideological and political betrayal.'

*'सोभियत संघमा धेरै लामो समयअघि देखा परेको दक्षिणपन्थी वैचारिक बिचलनबाट उत्पन्न परिणामका रुपमा गोर्भाचेवद्वारा अघि सारिएको 'पेरेस्त्रोइका'लाई बुझ्नुपर्छ।'* कार्यपत्रले अगाडि भनेको छ- *लेनिनले ल्याएको नयाँ आर्थिक कार्यक्रम सम्भावित बिचलन रोक्न एक हदसम्म सफल भएपनि लेनिनपछि त्यसले निरन्तरता पाएन।* यसरी भियतनामी नेताका विचारमा सोभियत बिसर्जनवाद लेनिनपछि नै शुरु भएको थियो।

समाजवादी प्रणालीमा देखिएको विचारको बिचलनसम्बन्धी व्याख्या गर्दा मार्क्सवादलाई अझ समृद्ध बनाउनुपर्ने पक्ष शुरूदेखि नै छुटेकोप्रति मदनले सम्मेलनको ध्यानाकर्षण गराउनुभएको छ। मार्क्सवादीले केवल मार्क्सवादको मात्र होइन, विश्वभरिका जनताको कठोर संघर्षका परिणामस्वरूप प्राप्त भएका मानवीय उपलब्धिको समेत स्वामित्व लिने उदारता देखाउन सक्नुपर्छ भन्ने मदनको विचार कार्यपत्रमा देखिन्छः

> *'मार्क्सवादले समाजमा भएका मानव उपलब्धिहरू विश्वभरका जनताको साझा सम्पत्ति मानेपनि त्यसबखत प्रबल रहेका रुढिवादी मार्क्सवादीले पूँजीवादी मुलुकका मानव जातिले गरेका उपलब्धिलाई समेत स्वीकार गरेनन्।'*

सभ्यता, प्रविधि र विचारको विकासमा मानव जातिका सम्पूर्ण उपलब्धिलाई कम्युनिष्ट पार्टीले पनि स्वामित्व लिने साहस देखाउनुपर्छ भन्नु त्यसबेलाको विश्व कम्युनिष्ट आन्दोलनमा विद्यमान पुरातनवादी र शास्त्रीय सोचलाई ठूलो चुनौती थियो। यसबाट फ्रान्सेली क्रान्तिदेखि उपनिवेशवाद विरोधी संघर्षसम्मका देशभक्तिपूर्ण गैरकम्युनिष्ट आन्दोलनका प्राप्तिलाई पनि उत्तिकै सम्मान गर्नुपर्छ भन्ने उहाँको गहिरो विश्वास देखिन्छ। सबै संघर्ष कम्युनिष्ट-वामपन्थीले मात्र गरेका छैनन्, हरेक संघर्षले दिएको नागरिक हकप्रति कम्युनिष्ट पार्टीको पनि स्वामित्व रहनुपर्नेतर्फ उहाँले कार्यपत्रद्वारा सम्मेलनको ध्यान आकृष्ट गर्नुभएको छ।

पूँजीवादी प्रजातन्त्रले मार्क्सवादबाट सामाजिक उत्तरदायित्व, पूँजीको पुनर्वितरण, प्रगतिशील कर, भूमिको स्वामित्वमा सुधार, कृषिमा अनुदान जस्ता धेरै कुराहरू ग्रहण गरिरहेको थियो, तर समाजवादीहरू पूँजीवादका सबै पक्षलाई एकमुस्ट अस्वीकार गर्ने ठाउँमा उभिए[२८]। पूँजीवादसँग थोरै अन्तरक्रियात्मक सम्बन्ध स्थापित गर्नेबित्तिकै मित्रशक्तिलाई नै संशोधनवाद अंगालेको आरोप लगाउने काम भयो। सम्मेलनमा कार्यपत्र पेस गरिसकेपछि उठेका प्रश्नको जवाफ दिने क्रममा मदनले भन्नुभएको छ[२९]–

समाजवादी मुलुकका *'..प्रयोग र अनुभवका विषयमा हामीमा जस्तासुकै असहमति भएपनि हामीले मित्रवत टिप्पणी मात्रै गर्नुपर्छ, ताकि कैयौं अभ्यासहरूको परीक्षणपछि मात्रै हामी यो समाजवाद हो र यो होइन भन्ने निश्चित निष्कर्षमा पुग्न सकौं।'*

जननेता मदन भण्डारीको विचारमा समाजको खुलापन, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, प्रतिस्पर्धात्मक व्यवस्था र शान्तिको अपरिहार्यता स्थापना गर्न पूँजीवादी र समाजवादी मुलुकका नागरिकले चुकाएको मूल्य एकै प्रकारको छ। मदनले यस वास्तविकतालाई सन् १९८० को दशकमा नेपाली कम्युनिष्ट आन्दोलनलाई संगठित गरी बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्र स्थापना गर्ने क्रममा नै आत्मसात गरिसक्नुभएको देखिन्छ। नेपालभित्र यसबारे विवाद छैन। भारतीय वामपन्थी नेतृत्वले पनि यसलाई स्वीकार गरेको छ।

---

२८ यसबारे नेकपा एमालेको पाँचौं महाधिवेशनले पारित गरेको राजनीतिक प्रतिवेदनमा थप विवेचना उपलब्ध छ, जसलाई पार्टीका पछिल्ला महाधिवेशनका प्रतिवेदनले प्रष्ट पार्दै लगेको देखिन्छ।

२९ कार्यपत्रमा उठेका प्रश्नको जवाफ जननेता मदन भण्डारीले पाँचवटा बुँदामा दिनुभएको छ। 'भिन्नताभित्र सहिष्णुता र विविधताभित्र एकता' शीर्षकमा ती बुँदाहरू मदन-आश्रित स्मृति प्रतिष्ठानद्वारा प्रकाशित *'मदन भण्डारीः संकलित रचना भाग १'* को पृष्ठ ३५९-६० मा संग्रहित छन्।

भारतीय कम्युनिष्ट पार्टी (माले)का महासचिव विनोद मिश्रले मदनलाई स्मरण गर्दै लेख्नुभएको छ[30]–

> *'हाम्रो भाइचारा सम्बन्ध आदर्श थियो, जसभित्र हामी आफ्ना अनुभव र दृष्टिकोणहरू एक अर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगरी आदानप्रदान गर्थ्यौं. हाम्रा दुई पार्टीको वैचारिक विकासक्रम करिब उस्तै रहेपनि जनता परिचालित गर्ने कार्यका कतिपय पक्षमा उहाँहरूको पार्टी (नेकपा-एमाले) हाम्रो भन्दा अगाडि थियो।'*

**जबजको बाटो**

कलकत्ता सम्मेलनको एउटा मुख्य उद्धेश्य विश्वका कम्युनिष्ट पार्टीहरूले कस्तो बाटो लिएर आफ्ना मुलुकमा समाजवादी व्यवस्था स्थापना गर्न सक्लान् भन्ने विषयमा बहस चलाउनु थियो। माथिका विश्लेषणमा भनिएको छ, सम्मेलनमा कम्युनिष्ट आन्दोलनको समीक्षा गर्ने सन्दर्भमा एकमत र संशोधनवादको पहिचानमा फरकमत देखिए। कम्युनिष्ट पार्टीहरूले लिनुपर्ने बाटोका सम्बन्धमा हरेक देशको विशिष्ट परिस्थितिले फरक बाटोको माग गर्छ भन्नेमा सहभागिबीच बिमति थिएन। समाजवादी राजनीतिक प्रणाली देशैपिच्छे फरक हुने कि नहुने भन्ने विषयमाचाहिँ सम्मेलनले तीब्र बहस चलायो।

---

३० बिनोद मिश्रले सन् १९९३, जुन अंकको 'लिबरेसन' म्यगाजिनमा 'अ डेथ ह्याभियर दृयान द हिमालयज' (हिमालय भन्दा गह्रुङ्गो मृत्यु) शीर्षकको लामो लेखमार्फत मदन भण्डारीप्रति श्रद्धान्जली व्यक्त गर्नुभएको छ। लेखको अंश –
Ours has been an ideal fraternal relation where we exchanged our views and experiences on various matters without ever interfering in each other's affairs. Our two parties evolved more or less on the same pattern, and in some respects of mass work their Party did precede ours.
कम्युनिष्ट आन्दोलनमा जननेता मदन भण्डारीको योगदान र उहाँको व्यक्तित्वको चर्चा गरिएको उक्त लेखको पूर्ण पाठ यहाँ हेर्न सकिन्छः https://www.marxists.org/reference/archive/mishra/1993/06/x01.htm

नेपालको राजनीतिक आन्दोलनमा कम्युनिष्ट पार्टीहरूले बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्र स्थापना गर्न ऐतिहासिक भूमिका खेलेको स्पष्ट पार्दै मदनले त्यस आन्दोलनका उपलब्धिको स्वामित्व नेकपा–एमालेले लिएको तथ्य कार्यपत्रमा स्पष्ट पार्नुभएको छ। नेपाली राजनीतिका बारेमा जानकार हरेकलाई बहुदलीय व्यवस्था स्थापनार्थ नेकपा–माले हुँदै एमालेले खेलेको भूमिकाप्रति कुनै आशंका छैन[३१]। त्यसैले बहुदलीय व्यवस्था भन्दा गुणात्मक रुपले उन्नत राजनीतिक व्यवस्थामा प्रवेश गर्न प्रतिस्पर्धात्मक राजनीतिक संरचनालाई भत्काउने होइन, त्यसको गुणवत्तामा ठोस सुधार गरिरहन नेकपा एमालेले आफैंलाई प्रतिस्पर्धाद्वारा श्रेष्ठ प्रमाणित गर्ने, मानव अधिकारको रक्षा गर्ने, संवैधानिक प्रणाली र कानुनको शासनलाई सुदृढ गर्ने नीति लिएको कार्यपत्रले स्पष्ट पारेको छः

> *'हाम्रो पार्टीले थुप्रै समाजवादी मुलुकका विगतका अनुभवको आधारमा मार्क्सवादलाई नेपालजस्तो मुलुकमा लागू गर्न नयाँ दिशाको आवश्यकता देखेको छ। त्यसैले सन् १९९३ को जनवरी २७ देखि फेब्रुअरी २ सम्म काठमाडौंमा सम्पन्न भएको पार्टीको पाँचौं राष्ट्रिय महाधिवेशनले केही महत्वपूर्ण निर्णयहरू गरेको छ, जसले नेपालको वामपन्थी आन्दोलनमा बृहद तथा दीर्घकालीन असर पार्नेछ। हाम्रो पार्टी महाधिवेशनले जनताको बहुदलीय जनवादको कार्यक्रमलाई अंगीकार गर्ने निर्णय गरेको छ। यो निर्णय चालीस वर्षभन्दा बढीको हाम्रो संघर्षको अनुभवको आधारमा गरिएको हो, जसमा बहुदलीय व्यवस्था स्थापना गर्न वामपन्थी शक्तिहरू निरन्तर बिनारोकावट देशमा निरङ्कुश शासनकाबिरुद्ध लडेका थिए।'*

---

३१ एन्ड्रयु निक्सन (१९९२). *'डेमोक्रेटाइजेसन एण्ड ग्रोथ अफ कम्युनिज्म इन नेपालः अ पेरुभियन सिनारियो इन द मेकिंङ?'*. जर्नल अफ कमनवेल्थ एण्ड कम्प्यारेटिभ पोलिटिक्स. वर्ष ३०, संख्या १० (पृ. ३५८–३८६). लण्डनः टेलर एण्ड फ्रान्सिस।

आम रुपमा पूँजीवादी लोकतन्त्र भन्दा जनताको बहुदलीय जनवादी व्यवस्था फरक भएकाले यसलाई चुनाव लड्ने र सरकार गठन गर्ने कार्यक्रमका रुपमा मात्र बुझ्नु गलत हुन्छ। प्रस्तुत कार्यपत्रलाई मदनले नै लेख्नुभएको 'बहुदलीय जनवादबारे' भन्ने पुस्तिका र नेकपा-एमालेको पाँचौं महाधिवेशनले पारित गरेको दस्तावेजसँगै अध्ययन गर्नु उपयुक्त हुन्छ। कार्यपत्रमा विश्वका नेतासमक्ष मदनले जबज र सामान्य रुपमा बुझिने बहुदलीय व्यवस्थाबीचको फरक यसरी स्पष्ट पार्नुभएको छः

> *'जनताको बहुदलीय जनवाद संसारभर आज प्रचलित बहुदलीय व्यवस्था होइन भन्ने कुरामा म जोड दिन चाहन्छु। जनताको बहुदलीय जनवादको विशेषता के हो भने यसले त्यस्तो बहुदलीय व्यवस्थाको स्थापना गर्छ, जुन शासनको हिसाबले सामन्तवाद तथा साम्राज्यवाद विरोधी हुन्छ।'*

सामाजिक न्यायसहितको लोकतान्त्रिक प्रणालीका रुपमा जबजलाई प्रस्तुत गर्दै मदनले त्यस्तो शासनप्रणालीका चौधवटा विशेषताहरू उल्लेख गर्नुभएको छ। साम्राज्यवाद र सामन्तवादको विरोधी तथा जनपक्षीय राजनीतिक प्रणालीका रुपमा जबजलाई थप समृद्ध गर्न मदनले समय पाउनुभएन। एक नवीन विचारकका रुपमा चाहिं जबजलाई उहाँले राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा स्थापित गर्नुभएको छ। अब यसलाई नेपाली जनताको हितमा सफलतापूर्वक लागू गर्ने जिम्मेवारी नयाँ पुस्ताको काँधमा आएको छ। मदनको राजनीतिले नेकपाका संस्थापक नेता पुष्पलालले तयार गर्नुभएको कांग्रेससँग सहकार्य गरी लोकतान्त्रिक आन्दोलन सुदृढ गर्नुपर्ने विरासत अगाडि बढाउँछ। त्यसको कार्यान्वयन २०४६ सालको जनआन्दोलनयता हुँदै आएको छ। त्यसको अर्थ राजनीतिक प्रतिस्पर्धामा कुनै सम्झौता गर्नुपर्छ भन्ने होइन। सैद्धान्तिक रुपमा उहाँको राजनीतिले मार्क्सवादका राजनीतिक पक्षको नेपाली अवधारणा निर्माण गर्छ। जुन राजनीतिक कार्यसूचीलाई संसारभरिका कम्युनिष्टहरूले रणनीतिक

उपयोगका लागि छुट्याएका थिए, तिनलाई मदनको नेतृत्वमा जबजले सैद्धान्तिक प्रस्थापना बनाएको छ।

समय बित्दै जाँदा जबजका सैद्धान्तिक मान्यताका बारेमा अझै बहस र छलफल हुँदै जानेछन्। जसरी सन् १९९० ले इतिहासको अन्त्य गरेको दावी गरिएपनि त्यस्तो अन्त्य कहिल्यै आएन र आउने छैन, त्यसैगरी जबजको आलोचनाले जबजलाई झनै बलियो र कालजयी बनाउँदै लैजाने छ। जबज नेपाली चिन्तकले विकास गरेको मौलिक नेपाली विचार हो। यो कम्युनिष्ट पार्टीको लागि मात्र होइन, राजनीतिमा चासो राख्ने सबैका लागि उत्तिकै ग्रहणीय छ। कलकत्ता कार्यपत्रलाई जबजको निर्माण प्रक्रियामा सघाउने अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषणका रुपमा लिन सकिन्छ भने जबजलाई अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्ने दस्तावेजका रुपमा यसको अझ ठूलो महत्व छ।

## सन्दर्भ सामग्री

*(विदेशबाट प्रकाशित कृतिहरू सामेल भएकाले र नेपालबाट प्रकाशित कतिपय कृतिमा पनि ग्रेगोरियन पात्रो प्रयोग भएकाले एकरूपताका लागि सबै कृतिको प्रकाशन वर्ष ग्रेगोरियन पात्रो अनुसार लेखिएको छ।)*


अर्नेस्ट फिशर (१९७३). मार्क्स इन हिज ओउन वर्ड्स. लण्डनः पेनगुइन र्‍यान्डमहाउस।

एन्ड्र्यु निक्सन (१९९२). *'डेमोक्रेटाइजेसन एण्ड ग्रोथ अफ कम्युनिज्म इन नेपालः अ पेरुभियन सिनारियो इन द मेकिंङ?'*. जर्नल अफ कमनवेल्थ एण्ड कम्प्यारेटिभ पोलिटिक्स. वर्ष ३०, संख्या १०. लण्डनः टेलर एण्ड फ्रान्सिस।

जोसेफ स्टिग्लिज(२०१९). पिपुल, पावर एण्ड प्रोफिट्सः प्रोग्रेसिभ क्यापिटलिज्म फर एन एज अफ डिस्कन्टेन्ट. लण्डनः पेनगुईन र्‍यान्डमहाउस।

टीका ढकाल (२०१९). *मदन भण्डारीः अ नन् भायोलेन्ट रिभोलुसनरी*. बैंककः इन्स्टिच्युट अफ पीस एण्ड कन्फ्लिक्ट स्टडीज।

नोम चोम्स्की (१९९९). *प्रोफिट ओभर पिपुलः नियो लिबरलिज्म एण्ड ग्लोबल अर्डर*. न्युयोर्कः सेभेन स्टोरिज प्रेस।

प्रदीप ज्ञवाली (२००९). *फिनिक्स पन्छी र एमालेको पुनर्जीवन*. काठमाडौंः हिमालय बुक स्टल।

फ्रान्सिस फुकुयामा (१९९२). दि इन्ड अफ हिस्ट्री एण्ड द लास्ट म्यान. न्युयोर्कः फ्री प्रेस।

बेदुराम भुसाल (सं. २०१४). *नेपाल कम्युनिष्ट पार्टी ऐतिहासिक दस्तावेज संग्रह*, भाग १ देखि ५ सम्म. काठमाडौंः पुष्पलाल स्मृति प्रतिष्ठान।

मदन भण्डारी (२०४७). *बहुदलीय जनवादबारे*. काठमाडौंः नेकपा एमाले केन्द्रीय प्रचार बिभाग।

माओत्से तुङ (१९३७). *अन कन्ट्रयाडिक्सन्स.* बेइजिङः जन प्रकाशन।

लरेन लंगम्यान र डेभिड स्मिथ (सं. २०१८). *ट्वेन्टी फर्स्ट सेन्चुरी इनइक्वालिटी एण्ड क्यपिटलिज्मः पिकेटी, मार्क्स एण्ड बियन्ड.* शिकागो, इलिनोयः हेमार्केट बुक्स ।

स्यामुएल हन्टिङ्टन (१९९६). *द क्ल्यास अफ सिभिलाइजेसन एण्ड रिमेकिंग अफ वर्ल्ड अर्डर*. न्युयोर्कः साइमन एण्ड सुस्टर।

सूर्य थापा (सं. २०१२). *मदन भण्डारीः संकलित रचनाहरू*, भाग १ देखि १० सम्म. काठमाडौंः मदन-आश्रित स्मृति प्रतिष्ठान।

हरकिशनसिंह सुरजित (सं. १९९३). *कन्टेम्पोररी वर्ल्ड सिचुएसन एण्ड भ्यालिडिटी अफ मार्क्सिज्मः प्रोसिडिङ्स अफ इन्टरनेसनल सेमिनार अफ कम्युनिष्टपार्टिज मार्किङ द हन्ड्रेड सेभेन्टी फिफ्थ बर्थ एनिभर्सरी अफ कार्ल मार्क्स।* कलकत्ताः भाकपा मार्क्सवादी।

*जर्नल अफ नेचर, सोसाइटी एण्ड थट*, अंक ६, वर्ष १९९३. मिनियापोलिसः युनिभर्सिटी अफ मिनेसोटा प्रेस।

https://www.marxists.org मा संग्रहित विभिन्न मार्क्सवादी एवं नवामार्क्सवादी लेखकका रचनाहरू।





**कार्यपत्र**

# समकालीन विश्व परिस्थिति र मार्क्सवादको सान्दर्भिकता[1]

**मदन भण्डारी**
**महासचिव**
**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**

प्रिय कमरेडहरू,

समामजवादी व्यवस्थाको पतन भएपछि विश्वमा केही नयाँ परिस्थिति सिर्जना भएको छ र यसले विश्व राजनीतिमा दूरगामी प्रभाव पार्ने देखिन्छ। यद्यपि अमेरिकी साम्राज्यवाद अहिले विश्वमा एक्लो महाशक्तिको रुपमा देखिएको छ, पूर्व सोभियत संघ र पूर्वी यूरोपेली देशमा घटेका घटनाहरू, पूँजीवादपरस्त र गरिब बिरोधी नीतिको विरुद्धमा उठिरहेको शोषित तथा उत्पीडित जनसमुदायको विरोधले मार्क्सवादको पुनरुत्थान अवश्यम्भावी छ भन्ने कुरा देखाएको छ। पूँजीवादी राष्ट्रहरूबीच रहेको अन्तरविरोध र विशेष गरी अमेरिकी अर्थतन्त्रको खस्किंदो परिस्थितिले गर्दा निकट भविष्यमै बहुध्रुवीय विश्वको संभावनालाई संकेत गरेको छ। सोभिएत संघ र पूर्वी यूरोपमा समाजवादी व्यवस्थाको पतनपश्चात् पश्चिमा पूँजीवादी राष्ट्रहरूले मार्क्सवादको सार्न्दर्भिकताको विरुद्धमा ज्यादै ठुलो राजनीतिक अफवाह फैलाए पनि द्वन्द्वात्मक भौतिकवाद र इतिहासको वैज्ञानिक व्याख्यामा आधारित मार्क्सवादी दर्शनको यति छिट्टै अन्त हुन सक्दैन र शोषणमा आधारित पूँजीवादी सामन्तवादी व्यवस्था भएका मुलुकहरूमा

१ २०५० वैशाख २३-२५ (मई ५–७, १९९३)मा भारतको कोलकातामा आयोजित अन्तर्राष्ट्रिय सेमिनारमा प्रस्तुत कार्यपत्र ।

छिट्टै नै मार्क्सवादी दर्शन र सिद्धान्त लोकप्रिय हुँदै पुनर्जीवित हुने कुरामा विश्वका मानिसहरू आश्वस्त छन्। पूर्व सोभियत संघ र पूर्वी यूरोपमा स्वतन्त्र गणराज्यहरूको स्थापना भएयता घटेका घटनाहरूले के देखाएका छन् भने मार्क्सवादमा अस्थायी धक्का लाग्दैमा पूँजीवादीहरूले भन्ने गरेका पूँजीवादी व्यवस्था समाजवादको विकल्प हुन सक्दैन।

विभिन्न मुलुकहरूमा गरिएको मार्क्सवादी सिद्धन्तको प्रयोगको अनुभवका आधारमा मानव जातिको स्वाधिनता, मुक्ति र प्रगतिको निम्ति, सामाजिक शोषण समाप्तिको निम्ति, उत्पादन शक्तिका विकासका निम्ति मार्क्सवादको पुनःव्याख्या र पुनःपरिभाषित गर्नु जरुरी रहेको कुरा निर्विकल्प रहेको प्रमाणित गर्दछ। केही सामाजवादी राष्ट्रहरूले गरेको मार्क्सवादको नयाँ प्रयोगले पनि के देखाएको छ भने समकालीन विश्वमा यसलाई सफलताका साथ उपयुक्त तरिकाले लागु गर्नका लागि नयाँ चिन्तनको आवश्यकता छ। मार्क्सवाद पूँजीवादी व्यवस्थासंग प्रतिस्पर्धा गर्नका लागि पर्याप्त रुपमा सक्षम हुनुपर्छ र जनताको बहुमतको सर्मथन जित्न पनि सक्षम हुनुपर्छ र आमरुपमा मानव जातिकै मुक्ति, समृद्धि र खासगरी शोषित पीडित जनताको मुक्ति र समृद्धिका निम्ति मार्क्सवादको सार्वभौमिक सिद्धन्त विकसति भएको हो। मार्क्सवाद आफ्नो जन्मकालदेखी नै वर्गीय स्थिती र सामाजिक अन्तरविरोधीहरूबीच उत्पादन शक्तिको विकासको सुनिश्चितताको लागि केन्द्रित हुने कुरामा आधारित छ।

मार्क्सवाद एउटा वैज्ञानिक सिद्धान्त भएको हुनाले यसले सोभियत संघ र पूर्वी यूरोपमा समाजवादी व्यवस्थाको पतन हुनुमा के कारणहरू जिम्मेवार छन् भन्ने कुराको समग्र विश्लेषण गर्न सक्नुपर्छ। ती देशहरूमा राज्यले आम जनताका व्यापक सामजिक हकका निम्ति राष्ट्रिय आयको वितरणको कार्यक्रम संचालान गरेको भए पनि त्यहा के कारणले व्यापक जनअसन्तोष उत्पन्न भयो  भन्ने कुराको हामीले जवाफ दिन सक्नुपर्छ। मेरो विचारमा यसस्तो राजनीतिक र आर्थिक व्यवस्था, जहाँ विचार अभिव्यक्तिको स्वतन्त्रता, प्रजातान्त्रिक उपयोग, उत्पादक शक्तिहरूको

समूचित परिचालन, प्राविधिक विकासको माध्यमबाट उत्पादक शक्तिको लागि अनुकूल वातावरण सिर्जना गरि उत्पादकत्व बृद्धि गर्ने र जनसमर्थनको परीक्षण गर्ने जस्ता कुरालाई आत्मासात गर्ने सवालमा निश्चित कमजोरीहरू रहन गए। यसले स्वभाविक रुपमा मार्क्सवादी चिन्तनमा नयाँ दिशा प्रदान गर्ने कुराको माग गर्दछ। यस प्रक्रियामा एउटा मार्क्सवादीले पूँजीवादी मुलुकमा घटिरहेका राजनीतिक–आर्थिक घटनाहरू, समाजवादी व्यवस्थाका आन्तरिक कमजोरीहरू र स्वयं पूँजीवादी मुलुकहरू बीच देखा परेका आन्तरिक अन्तरविरोधहरूको गम्भीरताका साथ जाँच र विश्लेषण गर्नुपर्छ। पूँजीवादी देशहरूले इतिहासका विभिन्न चरणहरूमा देखा परेका आर्थिक संकट र सामाजिक, राजनीतिक समस्याहरूलाई एक निश्चित् हदसम्म समाधान गर्दै पूँजीवाद नै आर्थिक रुपमा उन्नत, औद्योगिक रुपमा विकसित र राजनीतिक रुपमा प्रजातान्त्रिक व्यवस्था रहेको छ भन्ने देखाउन कसरी सफलता पाएको छ भनेर पनि सावधानीका साथ निरीक्षण गर्न आवश्यक छ। सोभियत संघमा समाजवादको पतन पछि पूँजीवादी देशहरूबीचको अन्तरविरोध झन चर्केको छ। यी पूँजीवादी व्यवस्थामा रहेका आन्तरिक दोषहरू जसले आर्थिक मन्दी, बढ्दो बेरोजगरी, जनताबीचको असमानता, केही व्यक्तिको हातमा आएको सीमित आर्थिक केन्द्रीकरण, श्रमिक वर्गको शोषण, नयाँ बजार प्राप्तिको लागि आपसी प्रतिस्पर्धा र विकासशील मुलुकहरूमाथि एक वा अर्को ढंगले गर्ने शोषण पूँजीवादीका आशिंक अभिव्यक्तिहरू हुन्। पूँजीवादी देशहरूले विश्वमा आफ्नो आधिपत्य कायम रहिरहोस् भन्नका निम्ति रुस र पूर्वी यूरोपलाई बचाउनको निम्ति व्यापक प्रयत्न गरिरहेका छन्। अहिले के भईरहेको छ भने आमेरिकाद्वारा नेतृत्व गरिएका पूँजीवादी मुलुकहरू रुस र पूर्वी यूरोपमा जवर्जस्ती पूँजीवादी व्यवस्था लागु गर्ने र विकासशील देशहरूमाथी बजार अर्थतन्त्र लागू गर्ने तथा लोक कल्याणको निम्ति सरकारले दिने अनुदान बन्द गर्नु पर्ने जस्ता कडा शर्तहरू पनि राख्न खोजिरहेका छन्। यसले गर्दा यी मुलुकहरूमा एकाधिकारी पूँजीपति वर्ग तीव्र उदय भइरहेको छ, जो विदेशी एकाधिकार र बहुराष्ट्रिय निगमसंग नयाँ संश्रय कायम गर्न खोजिरहेका छन्। यस्तो समकालिन स्थितिमा

वर्तमान विश्वमा मार्क्सवादको सार्न्दर्भिकता र समृद्धिका सम्बन्धमा म आफ्नो विचारहरूको व्याख्या प्रस्तुत गर्न चाहन्छु।

एकपल्ट सोभियत संघ विश्वका शोषित जनता तथा लामो युद्धपश्चात् उपनिवेशबाट मुक्त भएका मुलुकहरूको आशाको केन्द्र मानिन्थ्यो। समाजवादी व्यवस्था अपनाएकोले मात्र हैन, बरु १९५० को दशकको शुरुमा पूँजीवादी मुलुकले कहिल्यै नगरेका आर्थिक उपलब्धीभन्दा बढी उपलब्धी गरेकोले सोभिएत संघ तिनीहरूको आशाको केन्द्र ठानिइएको हो। समाजमा आयको न्यायिक वितरण र तीव्र आर्थिक प्रगतिसंगै भइरहेको थियो। तर खासगरी ख्रुश्चेभ तथा ब्रेजनेभ अवधिमा केही व्यक्तिहरूमा शक्ति केन्द्रकरण हुनु, जनताबाट पार्टी अलग रहनु, भिन्न मतलाई दबाउनु दबाउनु, कृषि तथा औद्योगिक उत्पादकत्व न्यूनस्तरकोहुनु र प्रविधिक पछौटेपन आदिले गर्दा सोभियत समाजवादी नमूना समाजका विभिन्न खेमाका जनताबीच अलोकप्रिय हुनपुग्यो। संयुक्त राज्य अमेरिकाको विश्वमा आर्थिक दबदबाले गर्दा पश्चिमा प्रचार पनि त्यसै व्यवस्थाको बदनाम गर्न त्यतिकै सहायक भएको कुरा सत्य हो। तर समकालिन प्रविधिक विकास तथा जीवनस्तरको बृद्धि वास्तवमा पूर्वी यूरोप तथा सोभियत सघंका दाँजोमा निकै द्रुत गतिको रह्यो। १९३० को मन्दीपछि पूँजीवादी मलुकले सामाजिक न्याय तथा कल्याणकारी कार्यक्रम बिना गरीब तथा श्रमिक वर्गको बढ्दो असन्तुष्टीलाई थाम्न सकिदैन र पूँजीवादी व्यवस्थाको निरन्तर संकटलाई न्यून पार्न सकिन्न भन्ने गहन पाठ सिके भन्ने कुरा हामीले मान्नुपर्छ। यसले पूँजीवादी मुलुकको अस्थिरता शान्त पार्न र अभाव पीडितहरूको क्रयशक्ति तथा जीवनस्तर खस्कनबाट केही हदसम्म भए पनि मद्दत पुऱ्यायो। सोभियत संघ तथा पूर्वी यूरोपमा सोभियत ढाँचाका त्रुटीहरूलाई सच्याउन पूर्व सचेतनता अपनाउने काम गरिएन र समाजवादी मुलुकलाई पनि लाभदायक हुने पूँजीवादी व्यवस्थाका केही तत्वहरूलाई प्रयोग गर्ने प्रयास पनि गरिएन।

मार्क्सवादले समाजमा भएका मानव उपलब्धिहरू विश्वभरका जनताको साझा सम्पत्ति माने पनि त्यसबखत प्रबल रहेको रुढिवाढी मार्क्सवादीले

पूँजीवादी मुलुकका मानव जातिले गरेका उपलब्धीलाई समेत स्वीकार गरेनन्। त्यसेलै जुनसुकै प्राविधिक विकास पूँजीवादी मुलुकले गरे पनि त्यसलाई साम्यवादी देशभित्र भित्र्याइएन। केही पार्टी नेताहरू तथा कार्यकर्ताहरूका साथसाथै नोकरशाहहरूले मात्र सरकारी यन्त्र संचालन गर्ने तथा शक्ति उपभोग गर्ने व्यवस्थालाई प्रोत्साहन दिइयो। वितरण प्रणाली निष्पक्ष वा न्यायपूर्ण तथा सामाजिक कल्याणकारी कार्यक्रम ठूलो परिमाणमा लागू गर्दागर्दै पनि पार्टीभित्र प्रजातान्त्रिक अभ्यासको कमी तथा जनता र नेताबीच अन्तरक्रियाको कमीले यस्तो भ्रष्टाचारलाई संस्थागत गरायो। यसले जनताबीच व्यापक असन्तुष्टी पैदा गऱ्यो र प्रयोगमा रहेको समाजवादको नमूनाप्रति वितृष्णा जगायो। विरोधी विचारलाई दबाउने तथा विभिन्न श्रेणीका मेहनती जनतालाई प्रोत्साहित गर्ने क्षमताको कमीले यस्तो अवस्था सिर्जना गऱ्यो, जहाँ उत्पादकत्व तथा कार्यक्षमता बृद्धि गर्न प्रबन्धक तथा कामदारहरूलाई प्रोत्साहित गरिएन। सोभियत संघमा परीक्षणको अवस्थामा रहेको मार्क्सवादी सिद्धान्तलाई सफलता र असफलताको मूल्याङ्कन एवम् व्यावहारिक अनुभवको आधारमा विभिन्न क्षेत्रमा निरन्तर सुधार र परिमार्जनको प्रकृयाअनुरुप लिनुपर्ने थियो। यसको विपरीत चीनले १९७९ देखी सुधार तथा खुलापनको नीति अपनायो। फलस्वरुप, चिनियाँ विकासको गतिले पश्चिमा मुलुकले बेलाबखत अरु विकासशील राष्ट्रहरूको लागि नमूना मान्दै आएका एसियाका कथित नवऔद्योगिक अर्थतन्त्रलाई उछिन्यो। त्यसभन्दा बढी चिनियाँ वितरण प्रणाली विश्वका विकासशील राष्ट्रहरूको दाँजोमा सबभन्दा उत्तम देखिन्छ। त्यसैले मार्क्सवाद विश्वमा असफल भएको होइन, बरु सोभियत नमूना असफल भएको हो भन्ने कुरा यी दुई विपरीत दृष्यहरूले स्पष्ट पार्छन्।

*प्रिय कमरेडहरू*

रुसमा जबर्जस्ती पूँजीवादी व्यवस्था लागु गरेपछि त्यहाँको समाजमा के भईरहेको छ भन्ने सम्बन्धमा केही कुरा गरौं। रुसमा अहिले वार्षिक मुद्रास्फिति दर तीन हजार प्रतिशतभन्दा बढी पुगेको छ। १९८० सम्म

डलरको भन्दा बढी मूल्य भएको रुबल अहिले घट्दै झण्डै एक डलर बराबर आठ सय रुबलमा झरेको छ। पूँजीवादमा रुपान्तर प्रकृया शुरु भएपछि प्रबन्धकहरू तथा राष्ट्रिय उद्योगमा पहुँच भएकाहरू नै ती उद्योगमा नियन्त्रण तथा अधिकार जमाउन सफल भए। राष्ट्रिय उद्योग, कृषि तथा स्रोतहरूको नियन्त्रणमा देखिएको यस्तो अराजकताले मुट्ठीभरका व्यक्तिहरूलाई रातारात धनी बनायो भने बहुसंख्यक जनतालाई अत्यान्त कठिन अवस्थामा रहन बाध्य तुल्यायो। आर्थिक सहायता तथा अन्य कल्याणकारी नीति र कार्यक्रम हटाएर चुलिएको बेरोजगारी समस्याले रसियाली बहुसंख्यक जनताको जीवन अति कष्टकर भएको छ। पश्चिमाहरूको धाप पाएका नेताहरूको बढ्दो अलोकप्रिय स्थिती र तिनीहरू तथा जनताबीच बढ्दो मूठभेडले पश्चिमाहरूलाई निकै चिन्तित तुल्याएको छ। यल्तसिन सरकारको पतन रोक्न हालै सात राष्ट्र (जि-७) को समूहले रुसलाई एक खर्ब डलर प्रदान गर्ने बचन दिएको छ। जसरी विदेशी सहयोग तथा ऋणको वितरण एवम् उपयोग विधि पूँजीवादी धारमा नै प्रवाहित भएको हुन्छ, तथाकथित पूँजीवादी परिवर्तन प्रक्रियाले नराम्ररी आक्रान्त, सामान्य तथा गरिब जनतालाई यसबाट कुनै लाभ हुँदैन भन्ने कुरा अनुभवले देखाएको छ। पश्चिमको प्रशस्त आर्थिक सहयोगबाट यल्तासिनलाई जनमत संग्रहमा विजय प्राप्त गराए पनि झिनो जनसहभागिता तथा अन्य कुराहरूले जीर्ण पूँजीवादी व्यवस्थाविरुद्ध रुसी जनताको संघर्षको निरन्तरतालाई प्रष्ट्याउँछ। रुस तथा समाजवादको विश्वासमा बृद्धि भईरहेको कुरालाई दर्शाउँछ।

पूँजीवादी मुलुकमा बढ्दो संकटले पूँजीवादको सर्वोच्चता एउटा अस्थाई परिघटना मात्र हो भन्ने कुरा स्पष्ट भएको छ। सुंक्त राज्य अमेरिका लगायतका पूँजीवादी मुलुकहरूमा आर्थिक उदारता, राज्य नियन्त्रणमा रहेका संस्थानहरूको निजीकरण तथा राज्यको भूमिकालाई घटाउनेजस्ता कुरामा दिइएको अनावश्यक जोडको फलस्वरुप, विशिष्ट संकटहरू उत्पन्न भएको छ। बढ्दो आर्थिक मन्दीका कारण संयुक्त राज्य अमेरिकामा बेरोजगारी द्रुत गतिले अघि बढिरहेको छ

निजी क्षेत्रको बचत पनि ज्यादै न्यून रहेको छ। अमेरिका विश्वको सबभन्दा ठूलो ऋणी राष्ट्र हुनुका कारणहरू मध्ये यो पनि एक रहेको छ। यी कुराहरू यस्तो अवस्थामा घटिरहेका छन् ,जुनबेला व्यापार घाटाको स्थिति अत्यन्त तीब्र गतिले बृद्धि भइरहेको छ। सन् १९९२/९३ मा जापानसितको व्यापारमा भएको ४९ अर्ब डलर घाटाले जापान र अमेरिकाबीचको द्वन्द्वलाई बढाएको छ। यूरोप तथा अमेरिकाबीचको व्यापार युद्ध ग्याट (GATT) मा पनि चालु छ। यसको तत्काल समाधान देखिएको छैन। यूरोपमा खासगरी फ्रान्समा निर्यात तथा कृषि क्षेत्रमा दिइने अनुदानको निरन्तरताले यूरोप र अमेरिकाबीच गम्भीर मुठभेडको स्थिति कायम छ। शुरु भइसकेको यूरोपिएन एकीकरणको प्रक्रिया, एकातिर जापान र यूरोपबीच बजार कब्जा गर्ने तीब्र प्रतिस्पर्धाको कारणले द्वन्द्व अझ बढ्नु अवश्यम्भावी छ।

यूरोपका अरु साना पूँजीवादी मुलुकमाथी ब्रिटेन, फ्रान्स तथा जर्मनीको बढ्दो आर्थिक दवदबा बृद्धि गर्नमा उनीहरूका विविध स्वार्थ पनि रहेका छन्। यूरोपिय मुद्रा संगठनमा आएको संकट खासगरी गत वर्षको स्टर्लिङ्ग पाउण्डको संकट अझै सुल्झिन सकेको छैन। यस्तो लाग्छ कि मेक्सिको माथि अमेरिका र क्यानडाको आर्थिक अधिपत्यले गर्दा अमेरिका, क्यानडा तथा मेक्सिको बीच स्थापित आर्थिक संगठन आफ्नो उचित आकार प्राप्त गर्नुअघि नै छिन्नभिन्न हुने अवस्थामा छ। एकिकरणका बाबजूद पूर्वी जर्मनीमा बढ्दो बेरोजगारी, खस्कदो जीवनस्तर तथा बढ्दो अपराधका साथसाथै पूर्वी जर्मनीबासीहरूलाई दोस्रो दर्जाको नागरिकका रुपमा व्यवहार गरिने कुराले जर्मनीमा जनअसन्तोष बढ्नु अवश्यम्भावी भएको संकेत मिल्दछ। यसले जर्मनीमा आर्थिक संकट ल्याउनुका साथै यूरोप तथा अमेरिकामा पनि व्यापक प्रभाव पार्छ। यी परिदृश्यहरूले प्रष्ट रुपमा पूँजीवादी मुलुकमा देखिने गम्भीर संकटले विकासशील मुलुकलाई दिइने अनुदान, ऋण, सहयोगका साथै सामाजिक आर्थिक क्षेत्रमा ठूलो नकारात्मक आघात पुऱ्याउँछ। त्यस्तै स्वतः पूँजीवादी मुलुकहरूलाई पनि तीब्र नकारात्मक प्रभाव पार्छ। दिनानुदिन बढ्दै गइरहेका यस्ता

संकटका शृंखलाहरू जम्मा हुँदै जादाँ सिङ्गो विश्वमा पार्ने असरले कस्तो ऐतिहासिक मोड लिन्छ भन्ने कुरा बोल्नु समयभन्दा अगाडि हुनेछ। तर यो स्पष्ट छ कि यस्तो स्थितिमा पूँजीवादी व्यवस्थाले निम्त्याएको संकटबाट मुक्त हुन मार्क्सवादीले पुनः अग्रगामी भूमिका खेल्नेछन्।

अमेरिकामा उल्लेखनीय किसिमले देखापरेको आर्थिक संकटसँगसँगै सोभियत संघ तथा पूर्वी युरोपको समाजवादी व्यवस्थाको अवसानपछि पूँजीवादी देशहरू खासगरी अमेरिका तथा सम्बद्ध राष्ट्रहरू विकासशील देशलाई उदारता, निजीकरण तथा कथाकथित बजार नियन्त्रित मूल्य व्यवस्थाजस्ता पूँजीवादी व्यवस्था आरम्भ गर्न दवाब दिइरहेका छन्। विकासशील देशका कतिपय प्रतिक्रियावादी सरकारहरूले आफ्नो राष्ट्रको तत्कालीन सामाजिक, आर्थिक स्थितिको विचारै नगरी यी नीति तथा कार्यक्रमहरू लागू गर्दैछन्। तीव्र मूल्यबृद्धि त छँदैछ, कृषि, सार्वजनिक उपयोगिता तथा सामाजिक सेवाको सेवाको साथै सर्वसाधारणका अत्यावश्यक वस्तुहरूमा दिइने सरकारी अनुदान बन्द गरिनाले गरिब तथा निश्चित आय भएका जनताको जीवन असह्य बनेको छ। विकासशील राष्ट्रहरूमा विद्यमान विशिष्ट एकाधिकारवादी परिस्थिति र संस्थागत सम्स्याहरूलाई ख्याल नगरी आर्थिक स्थिरता, निजीकरण, निकासी प्रवर्द्धन तथा मूलय समायोजनमा केन्द्रित भएर लागू गर्न खोजिएको कथित प्रजातान्त्रिक अधिकारको पुनः स्थापनापछि पनि विकासको फल उपभोग गर्नबाट वञ्चित तुल्याइएका सर्वसाधारणको आर्थिक अधिकारको सुरक्षा गर्न आर्थिक समायोजन कार्यक्रमको साटो समाजवादउन्मुख कल्याणकारी कार्यक्रम लागू गर्न अत्यन्त जरुरी भएको छ।

संरचनागत समायोजन कार्यक्रम तथा उदारनीति विकासशील राष्ट्रका थुप्रै सरकारहरूबाट प्रथमिकता दिएको छ। यस अवस्थामा म नेपालको संरचनागत समायोजन कार्यक्रम तथा भर्खरै लागू गरिएका तथाकथित उदारवादी तथा निजीकरण कार्यक्रमको नेपाली अनुभवलाई उल्लेख गर्न चाहन्छु।

नेपालमा सन् १९८६/८७ मा निरंकुश शासनकालमा संरचनागत समायोजन कार्यक्रम शुरु गरिएको थियो। प्राप्त तथ्यांकले के देखाएको छ भने सन् १९८४/८५ मा खुद चुक्ता गर्न बाँकी ऋण कूल ग्राहस्थ उत्पादनको २०.७ प्रतिशत थियो भने १९८९/९० मा ३५ प्रतिशत पुग्यो। संरचनागत समायोजन कार्यक्रम लागू गरिएपछि मुद्रास्फितिको चाप बढ्ने, निर्वाह खर्चमा बृद्धि तथा चुलिँदो गरिबी समस्या नेपालमा थपिंदै गयो। सन् १९८४/८५ मा गरिबीको रेखामुनि ४३ प्रतिशत जनता थिए। यो अवस्थामा सन् १९८९/९० मा ७१ प्रतिशतसम्म पुग्यो प्रजातान्त्रिक आन्दोलन शुरु भएको बखत मुट्ठीभर व्यक्तिहरूले वाणिज्य, उद्योग तथा पर्यटनका मुख्य आर्थिक गतिविधि नियन्त्रण गरेका थिए। नेपालको अर्थतन्त्र थुप्रै कठिनाइहरूबाट गुज्रिरहेको थियो। वामपन्थी पार्टीहरू र नेपाली कांग्रेसको संयुक्त आन्दोलनबाट सन् १९९० मा सफलतापूर्वक बहुदलीय व्यवस्था स्थापना भएपछि सर्वसाधारणमा ठूलो आशा पलाएको थियो। प्रत्यक्षरुपले आम जनतालाई फाइदा पुग्ने विकासको प्रक्रियाको छिट्टै शुरुवात हुनेछ भन्ने कुरामा जनता विश्वस्त थिए। तर विडम्बना के भयो भने सत्ता सम्हालेदेखि नै नेपाली कांग्रेसको सरकारले पञ्चायती पालाकै नीति र कार्यक्रमलाई नै अपनाएको मात्र होइन, त्यसभन्दा पनि बढी अमेरिकी तथा बहुपक्षीय अन्तर्राष्ट्रिय एजेन्सीहरूको धाप पाएर तथाकथित निजीकरण, उदार अर्थव्यवस्था तथा बजारमुखी व्थवस्थाको तीब्ररुपमा अनुशरण गऱ्यो। यसले मूल्यवृद्धिका साथै बेरोजगारी समस्या चुलिंदै गयो धनी र गरिबबिचको खाडल झन फराकिलो हुँदै गयो। एकाधिकार पूँजीपतिवर्ग तयार गर्ने तथा नेपाली अर्थतन्त्रलाई बाह्य पूँजीवादी राष्ट्रहरूको उपनिवेश बनाउने सुनियोजित प्रयास शुरु भयो। भारतले आर्थिक समायोजन कार्यक्रम लागू गरेपछि नेपालमा पनि उदारवादी प्रक्रियालाई गति दिइयो। पश्चिमा मुलुकको पूर्ण सर्मथन तथा बढ्दो आर्थिक सहयोगका बावजुद नेपाली कांग्रेसको सरकार सर्वसाधारण जनतामा नैराश्यता थप्नुको साथै आर्थिक मामलामा पूर्ण असफल भएको छ। सबैजसो विकासशील देशहरूमा पश्चिमी राष्ट्र निर्देशित नीति

अबलम्वन गर्दा निस्कने परिणामको निष्कर्ष निकाल्न नेपाली अनुभव नै यथेष्ट छ।

रुसी तथा पूर्वी युरोपको अनुभव, पूँजीवादी व्यवस्थामा अन्तर्निहित संकट, पूँजीवादी मुलुकहरूबीच बढ्दो तनाव, चीनको सफलता र समायोजन कार्यक्रमको तीब्र नकारात्मक असर तथा पश्चिमा मुलुकहरूको जोडदार दबाबबाट विकासशील देशमा लागू गरिएको उदारपन तथा निजीकरण कार्यक्रमले मार्क्सवाद तथा समाजवादभन्दा उन्नतस्थरको व्यवस्था अर्को छैन भन्ने प्रमाणित गरेको छ। पूँजीवाद धनी तथा केही सुविधाभोगी वर्गहरूको हितमा अनिवार्यरुपमा लागेको हुन्छ भने मार्क्सवादी समाजका गरिब, शोसित तथा निमुखाहरूको हितमा लगनशील हुन्छ भन्ने कुरा इतिहासले बताएको छ। मार्क्सवादी विचारहरूको कार्यान्वयन नहुन्जेल मुलुकमा बहुसंख्यक जनताको हित सम्भव छैन। पूँजीवादी शोषण समाप्त पाने, गरिबी उन्मुलन गर्ने, आमुल सामाजिक परिवर्तन गर्ने तथा अन्तर्राष्ट्रिय एकाधिकारवादी पूँवीवादको शोषणको रोकथामको ग्यारेन्टी मार्क्सवादी दर्शनले मात्र गर्नसक्छ। तर विगतमा गरिएका गल्तीहरू भविष्यमा दोहोरिन नदिन हामीले ज्यादै सतर्क हुनुपर्छ। मार्क्सवादलाई उग्रवामपन्थि तथा दक्षिणपन्थी दुवै शक्तिबाट समस्या खडा भएको छ। तिनीहरू कुनै न कुनै रुपमा मार्क्सवादलाई बदनाम गर्ने कोशिस गरिरहेछन्। मार्क्सवाद वैज्ञानिक सिद्धान्त भएकाले यसलाई जडसुत्रको रुपमा लिनु हुँदैन भन्ने कुरा हामीले बुझ्नुपर्छ। वैज्ञानिक सिद्धान्त भएकाले यसले सिर्जनात्मक दृष्टिकोण राख्नुपर्छ, जसबाट राष्ट्रको विद्यमान सामाजिक आर्थिक अवस्थासँग यो मेल खाओस् र सिद्धान्तमा निर्देशित आधारभूत उद्देश्यलाई पनि पूरा गर्न सकोस्।

हाम्रो पार्टीले थुप्रै समाजवादी मुलुकहरूमा विगतका अनुभवको आधारमा मार्क्सवादलाई नेपालजस्तो मुलुकमा लागू गर्न नयाँ दिशाको आवश्यकता देखेको छ। त्यसैले सन् १९९३ को जनवरी २७ देखि फेब्रुअरी २ सम्म काठमाडौंमा सम्पन्न भएको पार्टीको पाँचौ राष्ट्रिय माहाधिवेशनले केही

महत्वपूर्ण निर्णयहरू गरेको छ। जसले नेपालको वामपन्थी आन्दोलनमा बृहद तथा दीर्घकालीन असर पार्नेछ। हाम्रो पार्टी महाधिवेशनले जनताको बहुदलीय जनवादको कार्यक्रमलाई अंगिकार गर्ने निर्णय गरेको छ। यो निर्णय ४० वर्षभन्दा बढीको हाम्रो संघर्षको अनुभवको आधारमा गरिएको हो। जसमा बहुदलीय व्यवस्था स्थापना गर्न वामपन्थी शक्तिहरु निरन्तर बिनारोकावट देशमा निरंकुश शासनका विरुद्ध लडेका थिए। जनताको बहुदलीय व्यवस्थाको विपरित (यद्यपि पूर्वी युरोपका केही समाजवादी राष्ट्रहरूले बहुदलीयता लागू गरेको दावी गरे पनि यथार्थमा त्यस्तो थिएन।) यसले विभिन्न राजनैतिक पार्टीका अस्तित्व र क्रियाकलापलाई अनुमति दिन्छ र कम्युनिष्ट पार्टीले पनि चुनावी प्रतिस्पर्धामा भाग लिएर मुलुकमा शासन तथा सरकार चलाउन निश्चित अवधिमा हुने चुनावमा जनसमर्थन पाउन सक्नुपर्छ। कानूनी राज्यको सिद्धान्तमा आधारित जनताको बहुदलीय जनवादले मात्र हामीलाई आफ्ना गल्तीहरू सुधार्न तथा जनताबीच पार्टीको छवि सुन्दर बनाउन प्रेरणा दिन्छ भन्ने कुरामा हामी विश्वास गर्छौं। जनताको बहुदलीय जनवाद संसारभर आज प्रचलित बहुदलीय व्यवस्था होइन भन्ने कुरामा म जोड दिन चाहन्छु। जनताको बहुदलीय जनवादको विशेषता के हो भने यसले त्यस्तो बहुदलीय व्यवस्थाको स्थापना गर्छ, जुन शासनको हिसाबले साम्राज्यवाद तथा सामन्तवाद विरोधी हुन्छ। महाधिवेशनले स्वीकार गरेको पार्टी कार्यक्रमका मुख्य विशेषताहरू निम्नबमोजिम छन् :

१ संविधानको सर्वोच्चता
२) बहुदलीय खुला समाज
३) शक्ति पृथकीकरण
४) मानव अधिकारको संरक्षण
५) बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्था
६) आवधिक निर्वाचन
७) बहुमतको सरकार तथा संवैधानिक प्रतिपक्ष
८) कानूनी राज्य

९) जनताको प्रजातान्त्रिक व्यवस्था मजबूत पार्नु
१०) वैदेशिक पूँजी तथा प्रविधिलाई अनुमति दिनु
११) जनताको बहुदलीय जनवाद स्वीकार गर्ने जमिनदारहरूलाई क्षतिपूर्ति दिनु
१२) राष्ट्रिय हितलाई सर्वोपरी प्राथमिकताका साथ सन्तुलित तथा मर्यादित बैदेशिक नीति अपनाउनु
१३) श्रमजीवी वर्गको नेतृत्व र जनताको प्रजातान्त्रिक राज्य वा जनताको जनवादी अधिनायकत्व
१४) सामन्तवाद, दलाल नोकरशाही पूँजीपतिवर्ग तथा साम्राज्यवाद विरोधी जनताको बहुदलीय जनवाद।

जनतालाई वाक स्वतन्त्रताको अधिकार नदिइकन, संरचनात्मक आलोचनाको अवसर नदिइकन तथा समाजमा प्रतिस्पर्धात्मक अवस्थाको विकास नगरिकिन जनतामा प्रेरक वातावरण सिर्जना गर्न तथा पूर्वी यूरोप तथा सोभियत संघमा गरिएका जस्तै गल्तीहरू रोक्न गाह्रो पर्छ। हर प्रकारका विरोधहरू ध्वंशात्मक हुँदैनन् भन्ने हाम्रो दृढ विश्वास छ। प्रतिस्पर्धात्मक व्यवस्थाले खास गरी वितरण प्रणालीमा नकारात्मक असर पार्ला कि भनेर हामी त्यत्तिकै सतर्क छौ। त्यसैले, हामीले यस्तो आर्थिक कार्यक्रम साँचेका छौ, जसले उत्पादक शक्तिहरूको विकास निश्चित गर्छ र समाजमा ध्रुवीकरण तथा शोषण कायम हुनेछैन। हाम्रो आर्थिक कार्यक्रमले राज्यलाई नेतृत्वदायी भूमिका प्रदान गर्छ। त्यसैले निजी क्षेत्रलाई उद्योग तथा व्यापारिक क्षेत्रमा बढ्दो गतिविधि गर्ने अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्न दिन्छ।

संसारका विभिन्न भागहरूमा समाजका बारेमा नयाँ सोचहरू आउनुका बाबजुद पूँजीवादसंगको लामो संघर्ष अनिवार्य छ। प्रतिस्पर्धा अन्य पूँजीवादी मुलुकहरूसंग आत्तिएको संसारको एक्लो महाशक्ति अमेरिकी साम्राज्यवादले सोभियत संघ, पूर्वी युरोप तथा विकासशील राष्ट्रहरूमा जसरी भए पनि पूँजीवादी व्यवस्था स्थापना गर्न तथा मजबूत बनाउन

मात्र चाहेको हैन, क्यूबा, उत्तर कोरीया, भियतनाम तथा चीनमा समेत समाजवादी व्यवस्था भत्काउन भरमग्दुर कोशिस गरिरहेको छ। क्यूबामा अमेरिकी साम्राज्यवादको आर्थिक नाकाबन्दीको परिणामले क्यूबाली जनताले अचेल निकै ठूलो आर्थिक कठिनाइ बेहोरिरहेका छन्। त्यसले उत्तर कोरियाको एकीकरणमा समस्या सिर्जना गरिरहेको छ। अर्कोतिर समाजवादी मुलुकलाई बचाउने तथा विश्वका कम्युनिष्ट पार्टीहरूको हित गर्नसक्ने कुनै अन्तर्राष्ट्रिय संगठन छैन। यस्तो संगठनको निकट भविष्यमा संभावना नभएको मात्र होइन, विगतका अनुभवले यो संकेत गर्छन् कि यसको अस्तित्व भए पनि वर्तमान विश्व सन्दर्भमा यो त्यति सान्दर्भिक तथा लाभदायक हुँदैन। तसर्थः अन्तर्राष्ट्रिय सेमिनार, क्षेत्रीय जमघट, पार्टीहरूबीच औपचारिक सम्पर्क तथा जनताबीच नियमित सम्पर्क, वैचारिक अन्तरक्रिया, अनुभवको आदान-प्रदान, आपसी सहयोग नै विश्व कम्युनिष्ट आन्दोलनलाई मजबूत बनाउने उत्तम उपाय हुनेछन्। प्योङ्याङ् घोषणा, ल्याटिन अमेरिका तथा युरोपका कम्युनिष्ट पार्टीहरूको क्षेत्रीय जमघटले कम्युनिष्ट आन्दोलनलाई नयाँ गति प्रदान गरेको छ। भाकपा(मार्क्सवादी) ले आयोजना गरेको यो सेमिनारले पछि कम्युनिष्ट आन्दोलनको इतिहासमा नयाँ अध्याय थप्ने छ भन्ने म आशा गर्दछु।

आफ्नो कुरा समाप्त गर्नुअघि वर्तमान राजनीतिक तथा आर्थिक घटनाको आफ्नो मूल्याङ्कनका आधारमा म के दोहोऱ्याउन चाहन्छु भने समाजवादले खाएको यो धक्का अस्थायी हो र वर्ग प्रकृति तथा ऐतिहासिक विकासको परीक्षणबाट विकसित भएको समाजवादी दर्शनले अवश्य निकट भविश्यमै पुनः लोकप्रियता तथा सफलता प्राप्त गर्नेछ। मार्क्सवाद एउटा सर्वकालीन सिद्धान्त हो। त्यसैले यो विश्वका शोषित तथा उत्पीडित जनताको मार्गदर्शक सिद्धान्त भएर रहिरहने छ। समाजमा धनी र गरिब रहुन्जेल मार्क्सवादको औचित्य यो भूतलमा रहिरन्छ, भन्ने कुरा जनतालाई बोध गराउनु नै आज प्रत्येक सच्चा मार्क्सवादीहरूको मुख्य जिम्मेवारी रहेको छ।



छलफलमा प्रस्तुत विचार

# भिन्नताप्रति सष्णिुता र विविधताभित्र एकता

*प्रिय कमरेडहरू,*

सबै प्रतिनिधिहरूका विचार र अनुभवहरू सुनिसकेपछि मैले के पाएको छु भने हामीहरू प्रत्येक समझदारीका कैयौ गल्तीहरू भएका थिए। तर विगतका अँध्यारा पक्षलाई मात्रै औंल्याएर विगतप्रति न्याय गर्न सकिदैन। परन्तु, विगतका गल्तीप्रति आँखा चिम्लेर पनि काम लाग्दैन। मार्क्सवादको कार्यान्वयनबाट सामाजिक क्षेत्रमा कतिपय महत्वपूर्ण उपलब्धिहरू हासिल भएका थिए। मैले विशेषगरी पाँचओटा बुँदाहरू औंल्याउन चाहन्छुः

१. आफ्नो (मुलुकको) ठोस परिस्थितिअनुरुप माकर्सवादको सिर्जनात्मक प्रयोग गरौ। मार्क्सवादलाई जडसुत्रका रुपमा ग्रहण गर्ने कुराले हामीलाई प्रगतितिर जान दिनेछैन। त्यसैले, एउटा जीवन्त विज्ञानको रुपमा मार्क्सवाद, यसको अग्रगतिको दौरानमा आइलाग्ने सबै आरोहअवरोहको सामना गर्न सक्षम छ।

२. हामीले भिन्न-भिन्न अनूभव र विचारहरूका सम्बन्धमा सम्मान र सहिष्णुताको भाव राख्न सक्नुपर्छ। के कुरा सही हो र के गलत हो भन्ने कुरा पुस्तकमा लेखिएका कुरासँग तुलना गरेर मात्रै निर्धारण गर्न सकिदैन।

३. हामीले समाजवादी मुलुहरूको प्रतिरक्षाको जिम्मेवारी लिनुपर्छ। चीन, कोरीया, क्युवा र भियतनाम संसारका सबै क्रान्तिकारी जनताका आशाका किरणहरू हुन्। त्यसैले उनीहरूका प्रयोग र अनुभवका विषयमा हामीमा जस्तासुकै असहमतिहरू भए पनि, हामीले मित्रवत् टिप्पणी मात्रै गर्नुपर्छ, ताकि कैयौं अभ्यासहरूको परीक्षणपछि मात्रै हामी यो समाजवाद हो र यो चाहिँ होइन भन्ने निश्चित निष्कर्षमा पुग्न सकौं।

४. कम्युनिष्ट र श्रमिक पार्टीहरू कसरी आफ्नो (देशका) जनताको अग्रणी शक्ति र अग्रदस्ता बन्न सक्छन्? कसरी जनताको विशाल बहुसङ्ख्याले कम्युनिष्टहरूलाई, मार्क्सवादीहरूलाई आफ्नो वर्गीय र राष्ट्रिय हितको पक्षपोषक ठान्न सक्छन्? मलाई लाग्छ–लाखौ लाख जनतालाई आकर्षित गर्नसक्ने आफ्नो भूमिका र आफ्नो मुलुकमा कायम उच्चप्रतिष्ठाका आधारमा मात्रै त्यस पार्टीलाई समाजले आत्मसात् गरेको मान्न सकिन्छ।

५. हामीले के कुरा स्वीकार गर्नुपर्छ भने हजारौ जनताको व्यवहारको माध्यमबाट मात्रै हामीले मार्क्सवादलाई समृद्ध गर्नसक्छौं। विभिन्न मुलुकका कम्युनिष्ट पार्टीहरूबीच नियमितरुपमा (विचार र अनुभवको) आदान–प्रदानले मात्रै हामीलाई लाभान्वित तुल्याउन सक्छ। हामी भिन्न–भिन्न पृष्ठभूमिबाट र भिन्न–भिन्न अनुभवसहित आएका छौं। त्यसैले यस्ता सेमिनारहरू धेरै फलदायी हुन जान्छन्।

विगतमा, हामीले चाहे सामाजिक–आर्थिक परिवर्तनको कालखण्डमा होस्, चाहे समाजवादी निर्माणको कालखण्डमा, निश्चित मोडल र एकरुपताको खोजी गऱ्यौ। त्यही भएको हुनाले धेरै भड्काउ र गल्तीहरू हुनपुगे। धेरै पाठ सिकिसकेपछि, हामी के निष्कर्षमा आइपुगेका छौं भने भिन्नताप्रति हामीमा सहिष्णु हुनुपर्छ र हामीले विविधताभित्र एकताको खोजी गर्नुपर्छ।

अन्त्यमा, म भाकपा (मार्क्सवादी)को नेतृत्वप्रति, यस प्रकारको सेमिनार आयोजना गरेकोमा र विचार एव्म अनुभव आदान-प्रदान गर्ने यस्तो मञ्च प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छु। मलाई के लागेको छ भने यस्ता सेमिनारहरू अरु बेलामा पनि आयोजना गर्ने कुरामा हामी सबै सहमत हुनुपर्छ।

## सहभागी संस्थाहरू

१. कम्युनिष्ट पार्टी, क्यूबा
२. वर्कर्स् पार्टी, कोरिया
३. कम्युनिष्ट पार्टी, भियतनाम
४. सोसलिस्ट पार्टी, अष्ट्रेलिया
५. वर्कर्स् पार्टी, बंगलादेश
६. वर्कर्स् पार्टी, बेल्जियम
७. कम्युनिष्ट पार्टी, ब्राजिल
८. कम्युनिष्ट पार्टी, ब्रिटेन
९. न्यू कम्युनिष्ट पार्टी, ब्रिटेन
१०. कम्युनिष्ट पार्टी, क्यानडा
११. कम्युनिष्ट पार्टी, फ्रान्स
१२. जर्मन कम्युनिष्ट पार्टी
१३. कम्युनिष्ट पार्टी, ग्रिस
१४. कम्युनिष्ट पार्टी, भारत
१५. पपुलर सोसलिस्ट पार्टी मेक्सिको
१६. नेपाल कम्युनिष्ट पार्टी (एमाले)
१७. कम्युनिष्ट पार्टी, फिलिपिन्स
१८. पोर्चुगिज कम्युनिष्ट पार्टी
१९. साउथ अफ्रिरिकन कम्युनिष्ट पार्टी
२०. वर्कर्स् पार्टी, टर्की
२१. टुडेह पार्टी, इरान
२२. सिरियन कम्युनिष्ट पार्टी,
२३. कम्युनिष्ट पार्टी, यु.एस.ए
२४. भारतीय कम्युनिष्ट पार्टी, (माओवादी)